# शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयबाट सञ्चालन हुने शिक्षा, विज्ञान प्रविधि तथा भाषा, संस्कृति र पुरातत्त्व संरक्षण सम्बन्धी स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन

## मापदण्ड, २०७९

मानननीय मन्त्रीस्तरीय निर्णयबाट मिति २०७९/०४/३१ मा स्वीकृत ।

## आ.व. २०७९/८०

प्रदेश सरकार

**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**

गण्डकी प्रदेश, पोखरा, नेपाल

**विषयसूची**


खण्ड– एकः परिचय १

१.१ परिचय: १

१.२ उद्देश्य: १

१.३ शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय अन्तरगतका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तर्फका महाशाखा, निर्देशनालय, तालिम केन्द्र र मातहतका निकायहरु १

१.४ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था १

१.५ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरु: १

खण्ड– दुईः वार्षिक विकास कार्यक्रम र कार्यान्वयन ३

(क) मन्त्रालय तर्फ ३

२.१ प्रादेशिक शिक्षा नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा र कार्यान्वयन ३

२.२ विद्यालयमा विपद्/महामारी जोखिम न्यूनीकरण ४

२.३ निर्मित सामुदायिक शैक्षिक संस्थाहरुको भौतिक संरचनाहरुको मर्मत सम्भार ६

२.४ विद्यालय समायोजनका लागि प्रोत्साहन अनुदान (विद्यालय र स्थानीय तहको साझेदारीमा यातायात साधन खरिद) ८

२.५ हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासीय विद्यालयमा आवासीय भवन र पूर्वाधार विकासको निरन्तरता ११

२.६ स्थानीय तहसँगको समन्वय र साझेदारीमा विद्यालय समायोजन/एकिकरण गरी पायक पर्ने विद्यालयलाइ आधाभुत पुर्वाधार सहित ठुला विद्यालयको गुरुयोजना/DPR बमोजिम निर्माण कार्य आरम्भ १३

२.७ प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयहरुमा सिक्दै कमाउँदै कार्यक्रम सञ्चालन १४

२.८ बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका लागि स्थापित विद्यालयलाई सञ्चालन तथा व्यवस्थापन अनुदान १७

२.९ एस.ओ.एस. हर्मन माइनर विद्यालय पोखरा १५ मा अध्ययनरत लक्षित समूहका बालबालिकाहरुलाई छात्रवृत्ति अनुदान निरन्तरता १८

२.१० धार्मिक शिक्षा प्रदान गर्ने गुरुकुल, आश्रम, मदरसा, बैकल्पिक विद्यालयहरुलाई अनुदान १९

२.११ निर्मल माध्यमिक विद्यालयको भवन र प्रयोगशाला निर्माण २१

२.१२ कोभिड-१९ का कारण अभिभावक गुमाएका बालबालिकाहरुको लागि राहत अनुदान (आ.व. २०७८/०७९ को निरन्तरता समेत) २२

२.१३ संग्रहालय, संस्कृति तथा पुरातत्व क्षेत्रको नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा २५

२.१४ सुसंस्कृत गण्डकी कार्यक्रमका लागि सामग्री विकास तथा अभिमुखीकरण २६

२.१५ सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुलाई स्तरोन्नती अनुदान (E-LEARNING समेत) २८

२.१६ नयाँ पाठ्यक्रम कक्षा ५ र ८ को परिक्षण अभ्यास भएका जिल्लाहरुमा कार्यान्वयनको अवस्था पहिचान र अनुशिक्षण ३०

२.१७ स्थानीय पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनमा स्थानीय तहलाई सहजीकरण ३२

२.१८ आधारभूत तह उत्तीर्ण परीक्षा संचालन तथा व्यवस्थापन कार्यविधि/निर्देशिका निर्माण तथा अभिमुखीकरण कार्यक्रम ३४

२.१९ स्थानीय तह तथा सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता कार्यक्रम निरन्तरता ३६

२.२० सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापकीय क्षमता विकास कार्यक्रम ३८

२.२१ त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्रविकास (कार्यक्रम विकास एवं कार्यान्वयन) ३९

२.२२ गण्डकी प्रदेशको संस्कृति संरक्षण कार्यक्रम ४०

२.२३ शहिद थम्मन महेश स्मृति प्रतिष्ठान, कास्कीलाई साहित्य संरक्षणका लागि अनुदान ४२

२.२४ गण्डकी प्रदेशको धर्म, संस्कृति संरक्षण तथा सम्बर्द्धन कार्यक्रम ४४

२.२५ शहिद पार्क व्यवस्थापन अनुदान(आ.व.२०७८/७९ को निरन्तरता समेत) ४६

२.२६ लमजुङको क्होलासोथरलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्ने सम्वन्धी कार्यक्रम ४९

२.२७ उत्कृष्ट विद्यार्थी प्रोत्साहन (गणित र विज्ञान मुख्य विषय लिई कक्षा ११ र १२ तथा स्नातक गर्दै गरेका दलित तथा असहाय छात्रालाई छात्रवृत्ति कार्यक्रम) ५०

२.२८ अपाङ्ग उच्च शिक्षा छात्रवृत्ति ५४

२.२९ प्रदेशमा रहेका गाईने, बोटे, मुसहर, चेपाङ्ग, दुरा, छन्त्याल जस्ता सिमान्तकृत/लोपोन्मुख जातिको संरक्षण एवम उत्थान कार्यक्रम ५६

## खण्ड– एकः परिचय

### १.१ परिचयः

प्रदेश सरकारले आफ्ना नीति नियमको अङ्गिकार गर्दै सङ्घ र स्थानीय तहसँग समन्वय गरी आफ्ना कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । कार्यक्रम कार्यान्वयन गर्ने क्रममा कार्यक्रमलाई पारदर्शी, सरल, उत्तरदायी, जवाफदेही तथा औचित्यपूर्ण एवं प्रभावकारी तरिकाले सम्पादन गर्दै अपेक्षित गुणस्तरीय परिणाम प्राप्त गर्नका लागि प्रदेश सरकारबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७ को अधिनमा रही *शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयबाट*"कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड २०७९" स्वीकृत गरिएको छ ।

### १.२ उद्देश्यः

क) आ.व. २०७९/८० को वार्षिक विकास कार्यक्रमहरु समयमै सहज र सरल तरिकाले सम्पादन गर्ने,

ख) कार्यक्रम कार्यान्वयनमा एकरुपता र गुणस्तरीयता कायम गर्ने,

ग) कार्यक्रम कार्यान्वयनमा आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम गर्ने ।

### १.३ शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय अन्तरगतका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तर्फका महाशाखा, निर्देशनालय, तालिम केन्द्र र मातहतका निकायहरु

क) शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा
ख) उच्च शिक्षा तथा संस्कृति महाशाखा
ग) शिक्षा विकास निर्देशनालय
घ) शिक्षा तालिम केन्द्र
ङ) जिल्लामा ११ वटा सामाजिक विकास कार्यालयहरु

### १.४ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

कार्यक्रम सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ तथा प्रदेश सरकार, गण्डकी प्रदेशद्वारा स्वीकृत खर्चको मापदण्ड,२०७५ एवम् बजेट तथा गण्डकी प्रदेश सरकारद्वारा जारी कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७ मा भएको व्यवस्था एवं अर्थ मन्त्रालय, गण्डकी प्रदेशको आ.व. २०७९/८० को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन बमोजिम हुनेछ । प्रचलित कानुनसँग यो मापदण्ड बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन लागु हुनेछ ।

### १.५ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः

१. हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यो मापदण्ड राम्ररी अध्ययन गर्नुपर्नेछ ।

२. यस मापदण्डमा उल्लिखित कुरालाई पालना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको हुनेछ ।

३. कार्यक्रम शुरु गर्नु पूर्व कार्यालयमा बैठक बसी कार्यक्रम सञ्चालन प्रकिया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य आवश्यक विवरण सहितको अवधारणा पत्र वमोजिम निर्णय गराई कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराएर कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

४. कार्यक्रम सञ्चालन गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र कार्यक्रमको जिम्मेवारी प्राप्त कर्मचारीको समन्वयमा सञ्चालन गर्नु पर्नेछ ।

५. यस मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्दा गण्डकी प्रदेश सरकारबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकाको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र र सम्बन्धित निकायहरुबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकालाई आधार मानी सञ्चालन गर्नु पर्नेछ ।

६. तोकिएको चौमासिक भित्र कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । यदि समयमा कुनै कार्यक्रम सञ्चालन गर्न नसकिएमा कारण सहितको विवरण समयमै उपलब्ध गराउनु पर्नेछ ।

७. गत आ.व.२०७८/०७९ मा भुक्तानी दिन बाँकी रहेका कार्यक्रमको म.ले.प.फा.नं.२२१ बमोजिम तथा भुक्तानी दिन बाँकी खाता एवं कच्चावारीको आधारमा भुक्तानी दिन बाधा पर्ने छैन ।

८. सम्पादित क्रियाकलापको आन्तरिक र वाह्य लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ। यस कार्यमा सहयोग गर्नको लागि सम्बन्धित कर्मचारी जिम्मेवार रहनेछ।

९. गण्डकी प्रदेश, अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शन, २०७९/८० को पूर्ण पालना गर्नुपर्नेछ । सार्वजनिक खर्चमा मितब्ययिता र प्रभावकारीता कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ समेत अनुसरण गर्नुपर्नेछ ।

१०. यस मापदण्डमा अन्यत्र जेसुकै लेखिएको भए पनि स्वीकृत वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन, गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५, भ्रमण खर्च नियमावली २०६४ को परिधीभित्र रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

११. कार्यक्रमको मुख्य मुख्य उपलव्धि र मासिक, चौमासिक र वार्षिक रूपमा भौतिक तथा वित्तीय प्रगति रुपमा तयार गर्नु पर्नेछ ।

१२. यस मापदण्डमा निर्धारित कार्यक्रमहरु कार्यान्वयनका लागि मन्त्रालयले मातहतका निकायलाई जिम्मेवारी दिन सक्नेछ ।

१३. यस मापदण्डको विषयवस्तु वा कुनै विषयमा अस्पष्ट भएमा शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयसँग सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ ।

१४. मन्त्रालय र मातहतका निकायहरुवाट अनुदान प्राप्त गर्ने विद्यालय,क्याम्पस तथा अन्य संघ संस्थाहरुले वील भरपाई र स्रेस्ता अद्यावधिक रुपमा राखि नियमानुसार वार्षिक लेखा परिक्षण गराउनुपर्नेछ ।

नोट : प्रचलित आर्थिक ऐन, नियमावली र कार्यविधि संशोधन वा जारी भएमा सोही बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

## खण्ड– दुईः वार्षिक विकास कार्यक्रम र कार्यान्वयन

### (क) मन्त्रालय तर्फ

### २.१ प्रादेशिक शिक्षा नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा र कार्यान्वयन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १०० | पहिलो चौमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | परिचय | संघीयता कार्यान्वयनसँगै प्रदेश सरकारले आफ्ना काम कारवाहीहरुलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र समयमै सञ्चालन गरी सेवा प्रवाह एवं निर्णय प्रक्रियालाई सरलीकृत गर्न विभिन्न नीति, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड लगायतका कानूनी आधार तयार गर्दै आएको छ । शिक्षा क्षेत्रमा शैक्षिक गुणस्तर अभिवृद्धि, कार्यक्रम कार्यान्वयनमा एकरुपता ल्याई उत्तरदायी, मितव्ययी, सहभागितामूलक समावेशीकरणको नीति अबलम्बन गरी पद्धतिगत रुपमा विकास गर्न विभिन्न शैक्षिक नीति, नियम तथा मापदण्ड तयार गर्न साथै गण्डकी प्रदेश शिक्षा नीति, २०७८ को कार्यान्वयन रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ । |
| २. | कार्यक्रमको उद्देश्य | शिक्षा सम्बन्धी नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्डका साथै गण्डकी प्रदेश शिक्षा नीतिको रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. | बजेट बाँडफाँट | बैठक व्यवस्थापन, दै.भ्र.भ., आतेजाते खर्च, खाजा, खाना तथा प्रतिवेदन लेखन |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • बैठक तथा छलफल एवम् अभिमुखीकरण कार्यक्रम सञ्चालन, <br>• आवश्यकता अनुसार दक्ष समूह गठन, <br>• कार्य शर्त निर्माण, <br>• कार्य जिम्मेवारी प्रदान, <br>• प्रतिवेदन तयारी र नीतिगत दस्तावेज स्वीकृतीका लागि पेश गर्ने । <br>गत आ.व. मा गण्डकी प्रदेश शिक्षा नीति, २०७८ कार्यान्वयनका गर्न रणनीतिक योजना निर्माणका लागि गठन भएको समितिबाट निर्माण भएको रणनीतिक योजना निर्माण सम्बन्धी कार्यमा समेत भुक्तानी हुन बाधा नपर्ने । |
| ६. | अपेक्षित प्रतिफल | • ऐन, नीति, नियम, कार्यविधि, मापदण्ड एवम् गण्डकी प्रदेश शिक्षा नीतिको रणनीतिक योजना तयार भएको हुनेछ । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • दक्ष समूह गठन सम्बन्धी कागजातहरु, <br>• बील भरपाई <br>• बैठकका निर्णय प्रतिलिपी, <br>• प्रतिवेदन । |
| ८. | अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.२ विद्यालयमा विपद्/महामारी जोखिम न्यूनीकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | पटक | १ | २५०० | दोस्रो चौमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | परिचय | प्राकृतिक प्रकोप वा विभिन्न विपद्जन्य घटनाका कारण विद्यालयमा पुगेको क्षतिको न्यूनीकरण गरी थप क्षति हुनबाट विद्यालय जोगाउँदै विद्यालय सहज रुपमा सञ्चालनका लागि सहयोग पुर्‍याउन यो कार्यक्रम समावेश गरिएको हो । नेपाल सरकार संघ ससर्त अनुदान तर्फको विपद् व्यवस्थापनका लागि शैक्षिक कार्यक्रम समेत यसै मापदण्ड बमोजिम कार्यान्वयन हुनेछ । |
| २. | कार्यक्रमको उद्देश्य | विपद्बाट विद्यालयमा पुगेको क्षतिको न्यूनीकरण गरी सहज रुपमा विद्यालय सञ्चालन एवम् व्यवस्थापन गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय र विद्यालयहरु |
| ४. | बजेट बाँडफाँट | • सूचना प्रकाशन<br>• विद्यालयको प्रस्ताव मूल्याङ्कन एवम् छनौटका लागि बैठक व्यवस्थापन<br>• विद्यालयलाई अनुदान<br>• अनुगमन |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • सार्वजनिक सूचना मार्फत विपद्वाट क्षति भएका शैक्षिक संस्थाहरुसँग प्रस्ताव आव्हान गरिनेछ ।<br>• **प्रस्ताव मूल्याङ्कन एवम् छनौटः** प्रस्ताव छनौट गर्दा विद्यालय सञ्चालन गर्न सहज हुने कार्यक्रमलाई पहिलो प्राथमिकता, कक्षाकोठामा पुगेको क्षति एवम् विद्यालय भवन एवम् संरचनाहरुको संरक्षणका लागि प्राथमिकता दिइ अनुदान उपलव्ध गराइनेछ ।<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु छनौट गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।<br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा- सदस्य सचिव<br>• कार्यक्रम कार्यान्वयनका लागि सम्झौता गर्ने,<br>• विद्यालयलाई प्रदान गरिने अनुदान निकासा २ किस्तामा नबढ्ने गरी उपलव्ध गराउने,<br>• कार्यक्रम कार्यान्वयन, |

| शीर्षक | विवरण |
|---|---|
| | • अनुगमन एवम् प्रतिवेदन,<br>• कार्यसम्पन्न प्रतिवेदन । |
| ६. अपेक्षित प्रतिफल | • विपद्का कारण विद्यालयमा पुगेको क्षतिको मर्मत सम्भार/पुनर्निर्माण भई विद्यालय सञ्चालनमा सहजता हुने । |
| ७. विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | **कार्यक्रम माग गर्दा :**<br>• विद्यालय व्यवस्थापन समितिको निर्णय र माग निवेदन सहितको प्रस्तावपत्र<br>• सम्बन्धित स्थानीय तहको सिफारिस<br>• प्रहरी मूचुल्का<br>• वि.व्य.स.वाट स्वीकृत भएको अनुमानित लागतको विवरण<br>• जिल्ला वा स्थानीय तह विपद् व्यवस्थापन समितिको निर्णय प्रतिलिपी<br>• क्षतिसँग सम्बन्धित फोटोहरु<br>• कार्यक्रम सञ्चालनमा स्थानीय तह, प्रदेश सरकार वा अन्य कुनै निकायको बजेट एउटै कार्यक्रममा दोहोरोपना नपर्ने सम्बन्धमा विद्यालयको स्वघोषणा पत्र<br>**भुक्तानीका लागि :**<br>• रकम निकासाका लागि शैक्षिक संस्थाको निवेदन<br>• लागत अनुमान र सम्झौता, स्थानीय तहको सिफारिस<br>• कार्यक्रमसंग सम्वन्धित वील भरपाइहरु, डोर हाजिरी<br>• कार्यक्रमका फोटाहरु<br>• अनुगमन प्रतिवेदन, सार्वजनिक सुनुवाइको प्रतिवेदन/व्यवस्थापन समितिको खर्च अनुमोदन प्रतिलिपि<br>• प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन<br>• संस्थाको बैंक खाता सम्बन्धी विवरण ।<br>• कार्यसम्पन्न प्रतिवेदन |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालय र स्थानीय तह |

## २.३ निर्मित सामुदायिक शैक्षिक संस्थाहरुको भौतिक संरचनाहरुको मर्मत सम्भार

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| ३११६१ | पटक | १ | १५००० | सबै चौमासिक |

| शीर्षक | | विवरण |
|---|---|---|
| १. | परिचय | सामुदायिक विद्यालय, क्याम्पस जस्ता शैक्षिक संस्थाहरुको भौतिक संरचनाहरुको मर्मत सम्भार गरी यस्ता संस्थाहरूको सिकाइ वातावरणमा सुधार गर्न सकिएमा शैक्षिक क्षति कम भई गुणस्तरीय शिक्षामा पहुँचका लागि टेवा पुग्छ । यस्ता कार्यक्रम कार्यान्वयनमा एकरुपता ल्याउन तथा सम्पादन गर्नु पर्ने कार्यहरुलाई सार्वजनिक खरिदसंग सम्वन्धित कानूनहरुको पालना गरी छिटो, छरितो, पारदर्शी र गुणस्तरीय रुपमा सम्पन्न गर्न यो मापदण्ड निर्माण गरिएको छ । |
| २. | कार्यक्रमको उद्देश्य | निर्मित शैक्षिक संस्थाहरुको भौतिक संरचना मर्मत सम्भार हुने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शैक्षिक संस्थाहरु |
| ४. | बजेट बाँडफाँट | सूचना प्रकाशन, वैठक व्यवस्थापन, अनुगमन तथा शैक्षिक संस्थालाई अनुदान |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • सम्वन्धित संस्थासँग कार्यक्रम सञ्चालनका लागि कम्तिमा १५ दिनको सार्वजनिक सूचना मार्फत प्रस्ताव माग गर्ने ।<br>प्रस्तावको ढाँचा अनुसूची- १ बमोजिम हुनेछ<br>• प्राप्त प्रस्तावहरुको मूल्याङ्कन, छनौट तथा बजेट व्यवस्थाका लागि प्रस्ताव मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष पेश गर्न निम्नानुसारको छनौट समिति रहनेछ :<br>क) शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखाका प्रमुख-संयोजक<br>ख) प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अधिकृत प्रतिनिधि-सदस्य<br>घ) मन्त्रालयको आर्थिक प्रशासन शाखा-सदस्य<br>ङ) शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखाका अधिकृत- सदस्य सचिव<br>समितिले आवश्यकता अनुसार विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।<br>विद्यालयहरु छनौट गर्दा देहाय बमोजिमको प्राथमिकताका आधारमा छनौट गरिनेछ :<br>क) भवन मर्मत<br>ख) कक्षाकोठा मर्मत<br>ग) फर्निचर मर्मत<br>घ) शौचालय मर्मत<br>ङ) खानेपानी मर्मत |

| | | |
|---|---|---|
| | | च) कम्पाउण्ड वाल मर्मत<br>समितिले शैक्षिक संस्था छनौट सिफारिस गर्दा अधिकतम आवश्यकता, औचित्य, लाभान्वित हुने विद्यार्थी सङ्ख्या, भौगोलिक अवस्था, विद्यालयको आन्तरिक स्रोत समेतलाई आधार लिनु पर्नेछ ।<br>समितिले मूल्याङ्कन गरी छनौट भएका शैक्षिक संस्थामा बजेटको सिमा अधिकतम निम्नानुसारको हुनेछ :<br>अ) कक्षा ५ सम्म सञ्चालित विद्यालय - २ लाख<br>आ) कक्षा ८ सम्म सञ्चालित विद्यालय - २ लाख ५० हजार<br>इ) कक्षा १२ सम्म सञ्चालित विद्यालय - ३ लाख<br>ई) उच्च शिक्षा तर्फ विद्यार्थी संख्या ५०० सम्म- ४ लाख<br>उ) उच्च शिक्षा तर्फ विद्यार्थी संख्या ५०१ भन्दा वढी- ५ लाख<br>• शैक्षिक संस्थाले मन्त्रालयसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने |
| ६. | अपेक्षित प्रतिफल | • सामुदायिक शैक्षिक संस्थाहरुको भौतिक संरचनाको मर्मत सम्भार हुने |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | **प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु**<br>क) अनुसूची - १ बमोजिमको ढाँचामा प्रस्ताव<br>ख) व्यवस्थापन समिति/सञ्चालक समितिको निर्णय<br>ग) प्राविधिकबाट तयार भएको लागत अनुमान र आवश्यकता अनुसार ड्रइङ्ग डिजाइन<br>घ) स्थानीय तहको सिफारिस<br>ङ) मर्मत सम्भार गर्ने भवन/कक्षाकोठा, फर्निचर, शौचालय, घेराबार, खानेपानी लगायतको फोटो<br><br>**भुक्तानीका लागि शैक्षिक संस्थाले पेश गर्नुपर्ने कागजातहरु**<br>• रकम निकासाका लागि शैक्षिक संस्थाको निवेदन<br>• लागत अनुमान र सम्झौता, स्थानीय तहको सिफारिस<br>• कार्यक्रमसंग सम्वन्धित वील भरपाइहरु, डोर हाजिरी<br>• कार्यक्रमका फोटाहरु<br>• अनुगमन प्रतिवेदन, सार्वजनिक सुनुवाइको प्रतिवेदन/व्यवस्थापन समितिको खर्च अनुमोदन प्रतिलिपि<br>• प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन<br>• संस्थाको बैंक खाता सम्बन्धी विवरण<br>• कार्यसम्पन्न प्रतिवेदन |
| ८. | अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, स्थानीय तह |

## २.४ विद्यालय समायोजनका लागि प्रोत्साहन अनुदान (विद्यालय र स्थानीय तहको साझेदारीमा यातायात साधन खरिद)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४२२ | पटक | १ | १०००० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | सामुदायिक विद्यालयमा न्युन विद्यार्थी सङ्ख्या भएका विद्यालयहरुलाई पायक पर्ने नजिकको माध्यमिक विद्यालयसँग एकिकरण समायोजन गरी राज्य स्रोत उपयुक्त परिचालन गर्न आवश्यक भएको सन्दर्भमा गण्डकी प्रदेश शिक्षा नीतिको कार्यनीति नं. ११.३.३ मा विद्यालय एकीकरण तथा समायोजन गर्दा बालबालिकालाई घरबाट पैदल जान आउन सम्भव नहुने अवस्थामा आवासिय सुविधा वा सडक सञ्जाल छ भने लागत साझेदारीका आधारमा यातायात सुविधा उपलव्ध गराइ बालबालिकाको शिक्षण सिकाइ सुनिश्चित गर्ने व्यवस्था मिलाउन स्थानीय तहलाई सहयोग गरिनेछ भन्ने व्यवस्था रहेको छ । विद्यालयहरु एक आपसमा एकीकरण (Merge) लाई प्रोत्साहन गरी घरबाट लामो समय पैदल हिंडी विद्यालय आउनु पर्ने बाध्यात्मक अवस्थाको अन्त्य गरी बसको यात्रामा आधा घण्टा भित्रै विद्यालय पुग्ने व्यवस्थाका लागि यो कार्यक्रम कार्यान्वयन गर्न मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | न्युन विद्यार्थी सङ्ख्या भएका विद्यालयहरु एकिकरण समायोजन गरी ठूला विद्यालयहरु विकास/स्थापना गर्न प्रोत्साहन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय र सम्बन्धित स्थानीय तहहरु र विद्यालयहरु |
| ४. बजेट बाँडफाँट | विद्यालयको प्रस्ताव मूल्याङ्कन व्यवस्थापन, स्थलगत अनुगमन, स्थानीय तह/विद्यालयलाई अनुदान |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. **प्रस्ताव आव्हानः** कार्यक्रम कार्यान्वयनका लागि साझेदारीमा बस खरिद गर्न चाहने विद्यालयहरुसँग प्रस्ताव आव्हान गर्ने । प्रस्तावको ढाँचा र मुल्याङ्कनका आधारहरू क्रमशः अनुसुची- २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>ख. **प्रस्ताव पेश गर्न पाउने आधारहरु**<br>१. विद्यालय र विद्यार्थीको घर नजिक सम्म सुरक्षित सडक पूर्वाधार यातायात सञ्जालले जोडिएको ।<br>२. यातायातको साधन (बस) सुविधा नभएको विद्यालय र भएकोमा अपर्याप्त<br>३. यातायातको साधन खरिदका लागि कम्तीमा २५ प्रतिशत वा रु. १० लाख साझेदारी जुटाउन सक्ने विद्यालय<br>४. स्थानीय तह/संस्थाको साझेदारी जुटाउन सक्ने विद्यालय<br>ग. **प्रस्ताव मूल्याङ्कन तथा सिफारिसः** प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ |

| | | |
|---|---|---|
| | | ।<br>१. महाशाखा प्रमुख, शैक्षिक योजना, विज्ञान प्रविधि तथा प्राविधिक शिक्षा महाशाखा- संयोजक<br>२. निर्देशक, शिक्षा विकास निर्देशनालय- सदस्य<br>३. महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा- सदस्य<br>४. शाखा प्रमुख, आर्थिक प्रशासन शाखा- सदस्य<br>५. विज्ञान प्रविधि तथा प्राविधिक शिक्षा शाखा- सदस्य सचिव<br>**घ. विद्यालय छनौटका आधारहरुः**<br>१. विद्यालय छनौट गर्दा प्रस्ताव पेश गरेका विद्यालयहरु मध्ये अधिकतम विद्यार्थी संख्या भएका विद्यालय मध्येबाट छनौट गर्नुपर्नेछ ।<br>२. चालु शैक्षिक सत्रमा मा.वि. मा अन्य विद्यालय समायोजन हुने विद्यालयलाई प्राथमिकता दिन सकिनेछ ।<br>३. विद्यालयहरु छनौट गर्दा भौगोलिक सन्तुलन कायम हुने गरी छनौट गर्नुपर्नेछ ।<br>४. विद्यालय र स्थानीय तहको समेत साझेदारीलाई प्राथमिकता दिनुपर्नेछ ।<br>ङ. **साझेदारी सम्बन्धी व्यवस्थाः** यातायातका साधन खरिदका लागि प्रस्ताव पेश गर्ने विद्यालयले साझेदारीको रकम उल्लेख गरी सम्बन्धित स्थानीय तहको निर्णय सहित प्रष्ट खुलाएको सिफारिस पत्र समावेश गर्नुपर्नेछ ।<br>च. **अनुदान रकमको सिमाः** मन्त्रालयले उपलव्ध गराउने अनुदान रकमको सिमा प्रति विद्यालय बढीमा १५ लाख सम्म हुनेछ ।<br>छ. **स्थानीय तहले सिफारिस गरि पठाउनुपर्नेः** चालु आ.व. मा न्युनतम विद्यार्थी सङ्ख्या नभएका कारण एकिकरण समायोजन गर्नुपर्ने विद्यालयहरु एकिकरण गरी एकिकरण भएको सम्बन्धमा स्थानीय तहको शिक्षा समितिको निर्णय प्रतिलिपी समेत समावेश गरी साझेदारी सम्बन्धी स्थानीय तहको सिफारिस संलग्न राखी सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र मन्त्रालयमा सिफारिस गरी पठाउनु पर्नेछ ।<br>ज. **यातायात साधनको स्पेशिफिकेशनः** यातायात साधनको स्पेशिफिकेशन यातायात कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ ।<br>झ. **भुक्तानी प्रक्रियाः** यातायातका लागि साधन खरिद गर्नका लागि छनौटमा परेका विद्यालयहरुका लागि नियमानुसार प्रथम किस्ता बापतको रकम पेश्की स्वरुप विद्यालयको खातामा उपलव्ध गराइनेछ भने विद्यालयले साझेदारी बापतको रकम समेतबाट साधन खरिद गरी तोकिए बमोजिमका सम्पूर्ण कागजात सहित संलग्न राखी भुक्तानीका लागि मन्त्रालयमा पेश गर्नुपर्ने छ भने विद्यालयको वैङ्क खाता मार्फत भुक्तानी उपलव्ध गराइनेछ । |
| ६. | अपेक्षित प्रतिफल | विद्यालय समायोजन/एकिकरणमा मद्दत पुग्ने |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | **प्रस्ताव पेश गर्दा पेश गर्नुपर्ने कागजातहरुः**<br>• विद्यालय व्यवस्थापन समितिको कार्यक्रम माग गर्ने निर्णय प्रतिलिपी |

| | |
|---|---|
| | • सम्बन्धित स्थानीय तहको साझेदारीको विवरण खुलेको सिफारिस पत्र<br>• स्थानीय तहबाट प्रमाणित कक्षागत विद्यार्थी सङ्ख्या (माध्यमिक तह सम्मकै)<br>• विद्यालय समायोजन भएको सम्बन्धमा स्थानीय तहको निर्णयको प्रमाणित प्रतिलिपी<br>• विद्यालयमा हाल सम्म बस सुविधा नभएको वा बसको सङ्ख्या कम भएको भनी स्थानीय तहको सिफारिस पत्र<br>**भुक्तानी मागका लागि पेश गर्नुपर्ने कागजातहरुः**<br>– खरिद सम्बन्धी निर्णयको प्रतिलिपी<br>– खरिद प्रकृयासँग सम्बन्धित प्रमाणित कागजातहरु<br>– खरिद सम्बन्धी कार्यसम्पन्न भए पश्चात समितिको खर्च अनुमोदन सहितको भुक्तानी माग गर्ने निर्णय<br>– कार्य सम्पन्न भएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको शिक्षा महाशाखा/शाखाको सिफारिस पत्र<br>– खरिद आदेश, दखिला प्रतिवेदन, जिन्सी खाताको प्रतिलिपी<br>– खर्चका बील भरपाईहरु<br>– कार्यसञ्चालनसँग सम्बन्धित फोटो<br>– विद्यालयको बैंक खाता विवरण |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालय र स्थानीय तहहरु |

## २.५ हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासीय विद्यालयमा आवासीय भवन र पूर्वाधार विकासको निरन्तरता

| कार्यक्रम | वजेट रु. हजारमा |
|---|---|
| १. हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासीय विद्यालयमा आवासीय भवन र पूर्वाधारको विकासको निरन्तरता-प्रभातकिरण मा.वि. , धार्चे गाउँपालिका, गोरखा | ५,००० |
| २. हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासीय विद्यालयमा आवासीय भवन र पूर्वाधारको विकासको निरन्तरता-जननर्मल आधारभुत विद्यालय, वारगुङ्ग मुक्तिक्षेत्र गाउँपालिका, मुस्ताङ्ग | ५,००० |
| ३. हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासीय विद्यालयमा आवासीय भवन र पूर्वाधारको विकासको निरन्तरता-शिख मा.वि. अन्नपूर्ण गाउपालिका , म्याग्दी | ५,००० |
| ४. हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासीय विद्यालयमा आवासीय भवन र पूर्वाधारको विकासको निरन्तरता-हेम मा.वि., धवलागिरी गाउँपालिका, म्याग्दी | ५,००० |

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४२२ | विद्यालय/संस्था | ४ | २०००० | पहिलो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | नमूना आवासीय विद्यालय स्थापनाका आधार, शर्त, पूर्वाधार र स्वरुप सम्बन्धी मापदण्ड, २०७५ अनुसार मन्त्रालयस्तरबाट छनौट एवम् स्वीकृत भएका विद्यालयहरुले तयार गरेको विस्तृत आयोजना प्रतिवेदन (DPR) का आधारमा प्राथमिकतामा परेका कार्यक्रम क्रमशः कार्यान्वयन गर्दै जान आवश्यक छ ।सम्वन्धित स्थानीय तहको समन्वय एवम् सहकार्यमा प्राथमिकता बमोजिमका भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइ व्यवस्थित एवम् प्रभावकारी रुपमा सञ्चालन गर्न **हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासीय विद्यालयमा आवासीय भवन एवं विद्यालयका अन्य भौतिक पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गर्न** आवश्यक भएकोले यो मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | नमूना आवासीय विद्यालयमा आवासीय भवन र अन्य भौतिक पूर्वाधार विकास गर्ने |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने संस्थाहरु | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, तोकिए बमोजिमका विद्यालयसँग सम्बन्धित स्थानीय तहहरु र विद्यालयहरु |
| ४. बजेट बाँडफाँट | निर्माणसँग सम्वन्धित कार्यमा तोकिए बमोजिमका खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • गत आ.ब. को कार्य सम्पन्न प्रतिवेदन सहित नमूना आवासीय विद्यालयको विस्तृत आयोजना प्रतिवेदन (DPR) बमोजिम स्थानीय तहवाट सञ्चालन गरिने आवासीय भवन र पूर्वाधार विकास सम्वन्धी प्रचलित कानून बमोजिमको खरीद योजना, योजना कार्यान्वयनका लागि स्रोत व्यहोर्ने निकायहरु र मन्त्रालयले व्यहोर्ने रकम |

| शीर्षक | विवरण |
|---|---|
| | स्पष्ट रुपमा खुलेको प्रस्तावना माग गरिनेछ।<br>(१) नमूना आवासीय विद्यालयको रुपमा छनौटमा परेका विद्यालयसंग सम्बन्धित स्थानीय तहवाट निर्मित विस्तृत आयोजना प्रतिवेदन बमोजिम आवासीय भवन र पूर्वाधार विकास कार्यको प्राथमिकता निर्धारण गरी लागत अनुमान र कार्ययोजना सहितको प्रस्ताव तयार गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।<br>(२) यस कार्यक्रमवाट यस पूर्व कार्य प्रारम्भ गरी सम्पन्न हुन बाँकि रहेका तथा नयाँ कार्यक्रम सम्पन्न गर्न सकिनेछ ।<br>• पेश हुन आएका प्रस्तावका आधारमा निर्माण कार्य सञ्चालनका लागि स्थानीय तहलाई अख्तियारी दिइनेछ । |
| ६. अपेक्षित उपलव्धी | • आवासीय भवन र अन्य भौतिक पूर्वाधार विकास भई विद्यार्थीलाई आवासीय सुविधा र शिक्षण सिकाइमा अनुकूल वातावरण सिर्जना हुने,<br>• विद्यार्थीको उपस्थिति दर वृद्धि भई सिकाइ उपलव्धि बढ्ने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यसम्पन्न प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.६ स्थानीय तहसँगको समन्वय र साझेदारीमा विद्यालय समायोजन/एकिकरण गरी पायक पर्ने विद्यालयलाइ आधाभुत पुर्वाधार सहित ठुला विद्यालयको गुरुयोजना/DPR बमोजिम निर्माण कार्य आरम्भ

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४२२ | विद्यालय | ३ | ६००० | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | छरिएर रहेका तथा न्यून विद्यार्थी भएका विद्यालयलाई एकिकरण/समायोजन गरी पाएक पर्ने विद्यालयलाई आधारभूत पूर्वाधार सहितको ठुला विद्यालयका रुपमा विकास गर्न विगत वर्षहरुमा संघीय सरकारको सहयोगमा यस प्रदेश भित्र नवलपरासी सुस्ता पुर्वमा २ वटा विद्यालय तथा कास्की जिल्लामा १ वटा गरी जम्मा ३ वटा विद्यालयको गुरुयोजना (DPR) निर्माण कार्य सम्पन्न भएको छ । विद्यालयको उक्त गुरुयोजना बमोजिम भौतिक पूर्वाधार निर्माण कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्न यो मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | ठुला विद्यालयको गुरुयोजना (DPR) बमोजिम पूर्वाधार विकास गर्ने |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने संस्थाहरु | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, तोकिए बमोजिमका विद्यालय रहने स्थानीय तहहरु र तोकिएका विद्यालयहरु |
| ४. बजेट बाँडफाँट | निर्माणसँग सम्वन्धित कार्यमा तोकिए बमोजिमका खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • ठुला विद्यालयको विस्तृत आयोजना प्रतिवेदन (DPR) मा उल्लेख भएका निर्माण सम्बन्धी कार्यको प्राथमिकता तोकी पूर्वाधार विकास सम्वन्धी प्रचलित कानून बमोजिमको खरीद योजना, लागत अनुमान, योजना कार्यान्वयनका लागि कार्ययोजना सहितको विद्यालयबाट प्रस्ताव माग गर्ने ।<br>• कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहलाई अख्तियारी दिने ।<br>• विद्यालयले स्थानीय तहसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने । |
| ६. अपेक्षित उपलव्धी | • न्यून विद्यार्थी भएका विद्यालयहरु एकीकरण/समायोजन भई ठुला विद्यालयका रुपमा विकास हुने,<br>• ठूला विद्यालयहरु भौतिक पूर्वाधारयुक्त बन्ने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यसम्पन्न प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.७ प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयहरुमा सिक्दै कमाउँदै कार्यक्रम सञ्चालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | ५००० | सबै चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई पाठ्यक्रमले तोकेको लक्ष्य पूरा गर्दै, व्यवहारिक, उद्यमशिल तथा स्वाबलम्बी बनाउनुका साथै सिकाइलाई आम्दानीसँग जोड्न सहयोग पुऱ्याउन तर्जुमा गरिएको कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न यो मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | विद्यार्थीहरुमा उद्यमशिलता एवं स्वावलम्बनको विकास र सिकाइलाई आयसँग जोड्न सहयोग पुऱ्याउने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय र विद्यालयहरु |
| ४. बजेट बाँडफाँट | सूचना प्रकाशन, वैठक व्यवस्थापन, अनुगमन, विद्यालयलाई अनुदान<br><br>अनुदान रकमबाट खर्च गर्न सकिने क्रियाकलापः<br>१. उत्पादनमूलक प्रकृतिको अस्थायी संरचना निर्माण (जस्तैः व्याड, टनेल, खोर, विक्रिकक्ष, विउ, विरुवा, भुरा, पाठापाठी, पाडोपाडी खरिद जस्ता कार्य)<br>२. उत्पादनमूलक कामका लागि आवश्यक पर्ने औजार, उपकरण र कार्यस्थलसँग सम्बन्धित प्रयोगशाला वा वर्कसप स्थापना गर्न लाग्ने खर्च<br>३. वस्तु उत्पादन एवम् विक्रि व्यवस्थापनका लागि लाग्ने खर्च<br>४. बीउ पुँजी (Seed Money)<br>५. विज्ञहरुसँग परामर्श<br>६. अभिमुखीकरण र सम्झौता<br>उक्त बजेटबाट स्थायी प्रकृतिका भौतिक पूर्वाधार संरचना निर्माणका लागि अनुदान रकम खर्च गर्न पाइने छैन । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. **प्रस्ताव आव्हानः** सिक्दै कमाउँदै कार्यक्रम कार्यान्वयन गर्न चाहने प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा सञ्चालन गरेका विद्यालयसँग कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव आव्हान गर्ने । प्रस्तावको ढाँचा अनुसुची- ४ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>ख. **प्रस्ताव पेश गर्न पाउने विद्यालयः**<br>➢ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट पढ्दै कमाउँदै कार्यक्रमका लागि छनौटमा नपरेका विद्यालय |

| | |
|---|---|
| | ➢ सिक्दै कमाउँदै कार्यक्रमका लागि कूल लागतको कम्तिमा २० प्रतिशत स्थानीय तहको लागत साझेदारी सुनिश्चित भएका विद्यालयहरुलाई प्राथमिकतामा राख्न सकिनेछ ।<br>ग. **प्रस्ताव मूल्याङ्कन तथा सिफारिसः** प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ । प्रस्ताव मूल्याङ्कनका आधारहरु अनुसूची-५ बमोजिम हुनेछ ।<br>१. शैक्षिक योजना, विज्ञान प्रविधि तथा प्राविधिक शिक्षा महाशाखा प्रमुख- संयोजक<br>२. शिक्षा विकास निर्देशनालयका निर्देशक- सदस्य<br>३. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>४. मन्त्रालयको आर्थिक प्रशासन शाखा-सदस्य<br>५. प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गरेका विद्यालयहरु मध्ये संयोजकले तोकेको विद्यालयको प्र.अ.- सदस्य<br>६. विज्ञान प्रविधि तथा प्राविधिक शिक्षा शाखा- सदस्य सचिव<br>घ. **विद्यालय छनौटका आधारहरुः**<br>१. स्थानीय तहहरुबाट प्राथमिकता निर्धारण भए बमोजिम गाउँपालिका भए कृषि (बालीविज्ञान वा पशु विज्ञान) लाई र नगरपालिका भए सेवा क्षेत्रलाई प्राथमिकतामा राखी विद्यालय छनौट गर्नुपर्नेछ भने एक स्थानीय तहमा एक भन्दा बढी विद्यालय नपर्ने गरी छनौट गर्नुपर्नेछ ।<br>ङ. **साझेदारी सम्बन्धी व्यवस्थाः** सिक्दै कमाउँदै कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव पेश गर्ने विद्यालयले कम्तिमा २० प्रतिशत स्थानीय तहको कार्यपालिकाको निर्णय सहित साझेदारी सुनिश्चिताको पत्र पेश गर्नुपर्नेछ ।<br>च. **अनुदान रकमको सिमाः** यो कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले उपलव्ध गराउने अनुदान रकमको सिमा प्रति विद्यालय बढीमा रु. ५ लाख हुनेछ ।<br>छ. **अनुदान उपलव्ध गराउन सकिने विषयहरुः**<br>**१.** कृषि **(**बाली/पशु/बागवानी विज्ञान**)**<br>**२.** ईञ्जिनियरिङ **(**सिभिल/कम्प्युटर/इलेक्ट्रिकल**)**<br>३. पर्यटन एवम् हस्पिटयालिटी<br>ज. **स्थानीय तहले सिफारिस गरि पठाउनुपर्नेः** प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा सञचालन गरेका कक्षा ९-१२ मा प्राविधिक धार/टेक्स कार्यक्रम सञ्चालन भएका विद्यालयहरुले सिक्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्न चाहेमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८** मा तोकिए बमोजिम न्यूनतम आधारहरु पुरा भएका विद्यालयहरु मध्ये आफ्नो स्थानीय तह अन्तर्गत सञ्चालित विद्यालयहरुलाई प्राथमिकता क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ । |

| | |
|---|---|
| | **झ. समिति गठन एवम् काम, कर्तव्य र अधिकारः** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ मा उल्लेख भए बमोजिम नै प्रदेश सरकार, शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह, विद्यालय, प्र.अ. शिक्षक तथा प्रशिक्षक, उत्पादन इकाइ र विद्यार्थीको भूमिका रहनेछ ।<br>**ञ. प्रतिवेदन पेश गर्नेः** कार्यक्रम कार्यान्वयनका लागि छनौटमा परेका विद्यालयहरुले अनुसुची-६ मा उल्लेख भएको ढाँचामा प्रतिवेदन तयार गरी सम्बन्धित स्थानीय तह र मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |
| ६. अपेक्षित प्रतिफल | पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलव्धी हासिल गर्नका लागि प्रयोगात्मक अवसर अभिवृद्धि हुने ।<br>विद्यार्थीहरुमा उद्यमशिलता, स्वावलम्बनको विकास हुनुका साथै सिकाइलाई आय आर्जनसँग जोडिने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | **प्रस्ताव पेश गर्दा पेश गर्नुपर्ने कागजातहरुः**<br>• कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपी<br>• सम्बन्धित स्थानीय तहको साझेदारीको विवरण खुलेको सिफारिस<br>• कार्यक्रम कार्यान्वयनको प्रस्तावना सहितको कार्ययोजना<br>• प्रशिक्षक समेतको सहभागितामा लागत अनुमान तयार गरी विद्यालयबाट स्वीकृत लागत अनुमान<br>**भुक्तानी मागका लागि पेश गर्नुपर्ने कागजातहरुः**<br>१. कार्यसम्पन्न/आय आर्जन कार्यक्रमको प्रारम्भ भए पश्चात समितिको खर्च अनुमोदन सहितको भुक्तानी माग गर्ने निर्णय<br>२. कार्य सम्पन्न भएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको शिक्षा महाशाखा/शाखाको सिफारिस पत्र<br>३. खरिद आदेश, दखिला प्रतिवेदन, जिन्सि खाताको प्रतिलिपी<br>४. खर्चका बील भरपाईहरु/डोर हाजिरी<br>५. अनुसुची-६ को ढाँचामा तयार भएको सम्पन्न प्रतिवेदन<br>६. कार्यसञ्चालनसँग सम्बन्धित फोटो सहितको प्रतिवेदन |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, स्थानीय तहहरु |

## २.८ बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका लागि स्थापित विद्यालयलाई सञ्चालन तथा व्यवस्थापन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | ५००० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | नेपाल सरकार संघ ससर्त अनुदान अन्तर्गतको बजेटबाट पोखरा महानगरपालिकाको वडा नं. ३० मा रहेको त्रिभुवन शान्ती माविको परिषरमा बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका आवासिय सुविधा सहित विद्यालयको रुपमा निर्माणाधिन प्रदेशस्तरीय विद्यालय सञ्चालनमा ल्याउनु पूर्व गर्नुपर्ने व्यवसथापकिय कार्यका लागि कार्यक्रम कार्यान्वयन गर्न यो मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका लागि आवासिय सुविधा सहितको विद्यालय सञ्चालनका लागि आवश्यक शैक्षिक व्यवस्थापन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय/संवन्धित विद्यालय |
| ४. बजेट बाँडफाँट | • लागत अनुमान तयारी<br>• खरिद प्रकृयासँग सम्बन्धित सूचना प्रकाशन, प्रस्ताव मूल्याङ्कन एवम् छनौटसँग सम्बन्धित कार्यका लागि<br>• सामग्री खरिद<br>• व्यवस्थापनसँग सम्बन्धित कामहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • आगामी वर्षमा सञ्चालन गर्न आवासिय सुविधा सहितको कक्षा सञ्चालनका लागि व्यवस्थापन गर्नुपर्ने भौतिक एवम् मानव संसाधनको अनुमान तयार गर्ने ।<br>• व्यवस्थापन गर्नुपर्ने सामग्रीहरुको विवरण तयार गर्ने ।<br>• मन्त्रालयले निर्णय गरी मन्त्रालय आफैं खरिद व्यवस्थापन वा प्रस्तावना विद्यालयलाई अनुदान प्रदान गरी व्यवस्थापकीय कार्य सञ्चालन गर्ने । |
| ६. अपेक्षित प्रतिफल | बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुको लागि शिक्षामा पहुँच विस्तार गर्नका विद्यालयमा सुविधा विस्तार हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • निर्णयका प्रतिलिपीहरु<br>• सार्वजनिक खरिद प्रकृयासँग सम्बन्धित कागजातहरु<br>• खर्चका बील एवम् भरपाईहरु<br>• अनुगमन प्रतिवेदन |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.९ एस.ओ.एस. हर्मन माइनर विद्यालय पोखरा १५ मा अध्ययनरत लक्षित समूहका बालबालिकाहरुलाई छात्रवृत्ति अनुदान निरन्तरता

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | ६००० | दोस्रो र तेस्रो चौमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | परिचय | एस.ओ.एस. हर्मन माइनर विद्यालय पोखरा १५ ले अभिभावक विहिन, असहाय, जोखिममा रहेका, सामाजिक, आर्थिक एवं सांस्कृतिक कारणले विभेदमा परेका बालवालिकाहरुको संरक्षणसँगै शिक्षा प्राप्त गर्ने अधिकारलाई प्रत्याभुत गर्दै पठनपाठन कार्यमा सहयोग गर्दै आएको छ । उक्त संस्थामा बसी **एस.ओ.एस. हर्मन माइनर मा. वि. पोखरा १५ मा** अध्ययनरत लक्षित समूहका बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान प्रदान गरी उनीहरुको पढ्न पाउने अधिकार प्रत्याभुत गर्ने कार्यलाई निरन्तरता दिन "मुख्यमन्त्रीसँग अनाथ बालबालिका" कार्यक्रमलाई कार्यान्वयन गर्न यो मापदण्ड निर्माण गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | • लक्षित समूहका बालबालिकाहरुले सिकाइलाई निरन्तरता पाउने अधिकार प्रत्याभुत गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयनमा संलग्न हुने संस्था | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय तथा एस.ओ. एस. हर्मन माइनर मा.वि., पोखरा १५ |
| ४. | बजेट बाँडफाँट | छात्रवृत्ति रकम |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • लक्षित बालबालिकाहरुको फोटो सहितको प्रमाणित विवरण माग गर्ने,<br>• विद्यार्थीले प्राप्त गर्ने छात्रवृत्ति रकम सहितको प्रस्ताव माग गर्ने,<br>• विद्यालयसँग सम्झौता गर्ने,<br>• लक्षित बालबालिकाहरुलाई विद्यालयको माग र प्रस्ताव बमोजिम २ किस्तामा अनुदान रकम निकासा दिने । |
| ६. | अपेक्षित प्रतिफल | • बालबालिकाहरुको पठनपाठन निरन्तरता भएको हुने। |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • कार्ययोजना सहितको माग निवेदन,<br>• विद्यार्थीले छात्रवृत्ति वुझेको सक्कल भरपाई,<br>• विद्यालय व्यवस्थापन समितिले छात्रवृत्ति प्राप्त गरी सदुपयोग गर्ने प्रतिवद्धता सहितको निर्णय एवम् छात्रवृत्ति वितरण भए पछि कार्य सम्पन्न प्रतिवेदन,<br>• अनुगमनकर्ताको अनुगमन प्रतिवेदन । |
| ८. | अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.१० धार्मिक शिक्षा प्रदान गर्ने गुरुकुल, आश्रम, मदरसा, बैकल्पिक विद्यालयहरुलाई अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक/संख्या | १ | १५००० | पहिलो र दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | गुरुकुल, गुम्बा, आश्रम, मदरसा लगायत परम्परागत शिक्षा प्रदान गर्ने एवम् बैकल्पिक विद्यालयका रुपमा सञ्चालित शिक्षण संस्थाहरु जस्तैः अनौपचारिक प्रौढ विद्यालयहरूको शैक्षिक पूर्वाधार विकास गर्दै शैक्षिक प्रणालीको मुलधारमा ल्याउन आवश्यक छ । परम्परागत धार्मिक शैक्षिक ब्यवस्थालाई सुदृढ तथा संस्थागत गरी राष्ट्रिय मापदण्ड अनुरुप औपचारिक शिक्षाको समकक्षी बनाउन शैक्षिक व्यवस्थापनका लागि श्रोत उपलब्ध गराइ बालबालिका/सिकारुहरुले समानरुपले सिक्न पाउने अवस्था सुनिश्चित गर्न यो अनुदान कार्यक्रमलाई व्यवस्थित तवरले सञ्चालन गर्न यो मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | गुरुकुल, गुम्बा, आश्रम, मदरसा लगायत धार्मिक शिक्षा प्रदान गर्ने एवम् अनौपचारिक तथा वैकल्पिक विद्यालयका रुपमा सञ्चालित शिक्षण संस्थाहरुको पूर्वाधार विकास गरी औपचारिक शिक्षाको मुलधारमा ल्याउन प्रोत्साहित गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, संवन्धित सामाजिक विकास कार्यालय, र संबन्धित शैक्षिक सस्थाहरु |
| ४. बजेट बाँडफाँट | बैठक व्यवस्थापन, अनुगमन ,कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन, सूचना प्रविधिको व्यवस्थापन, भान्साकोठा एवम् आवासीय व्यवस्थापनका लागि आवश्यक सामग्रीहरु खरिद व्यवस्थापनका लागि अनुदान |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • **सूचना प्रकाशन** : कम्तीमा १५ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्ने । प्रस्तावको ढाँचा अनुसूची-७ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>• प्रस्तावको मूल्याङ्कन एवम् छनौट एवं सिफारिस,<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।<br>१. उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>३. संयोजकले तोकेको गुरुकूल, गुम्बा, आश्रमको प्रतिनिधि - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य |

| शीर्षक | विवरण |
|---|---|
| | ५. शाखा अधिकृत- भाषा, संस्कृति र पुरातत्त्व संरक्षण शाखा- सदस्य सचिव<br>• छनौटको मापदण्ड अनुसूची- ८ मा व्यवस्था भए बमोजिम हुनेछ ।<br>• सञ्चालित कक्षा र विद्यार्थी सङ्ख्याको आधारमा बजेट व्यवस्था हुनेछ । छनौटमा परेका विद्यालयमा कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाउने<br>• सम्झौता गरी नियमानुसार प्रथम किस्ता पेश्की उपलव्ध गराउन सकिनेछ र अन्य किस्ता कार्य प्रगतिका आधारमा उपलव्ध गराउने<br>• अनुगमन गर्ने<br>• प्रतिवेदन तयार गर्ने । |
| ६. अपेक्षित उपलव्धी | सुविधाजनक रुपमा पठनपाठन सञ्चालन भएको हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • विद्यालय/संस्था व्यवस्थापन समितिको निर्णय सहित फरफारक/भुक्तानीका लागि निवेदन<br>• निर्माण/खरिद सम्बन्धी आवश्यक कागजातहरु<br>• स्थानीय तहको सिफारीस पत्र<br>• बील भरपाइहरु<br>• कार्य सम्पन्न प्रतिवेदन<br>• अनुगमन प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालय, स्थानीय तह |

## २.११ निर्मल माध्यमिक विद्यालयको भवन र प्रयोगशाला निर्माण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| ३१११२ | पटक | १ | ३०००० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. १ मा संचालित निर्मल माध्यामिक विद्यालयको भौतिक एवं शैक्षिक स्तरलाई थप सुधार गर्न उक्त विद्यालयको भवन र प्रयोगशाला निर्माण गर्नका लागि अनुदान उपलब्ध गराई व्यवस्थित रुपले कार्य सम्पन्न गर्न यो मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | प्राविधिक शिक्षा सञ्चालन भएको विद्यालयको भवन तथा प्रयोगशाला निर्माण हुने |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | स्थानीय तह र विद्यालय |
| ४. बजेट बाँडफाँट | भवन तथा प्रयोगशाला निर्माणका लागि स्वीकृत लागत अनुमान बमोजिम |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क) मन्त्रालयले सम्बन्धित विद्यालयसँग देहायका कागजातहरु सहित विस्तृत प्रस्तावना माग गर्नेछः-<br>• कार्यक्रम संचालन गर्नको लागी विद्यालय व्यवस्थापन समितिको वैठकको निर्णय तथा कार्ययोजना<br>• भवन तथा प्रयोगशाला निर्माणको लागि सम्बन्धित स्थानीय तहको प्राविधिक कर्मचारीबाट तयार गरेको विस्तृत लागत अनुमान<br>• सम्बन्धित स्थानीय तहले कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी सहमति पत्र<br>• कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहमा अख्तियारी दिने<br>• स्थानीय तहसँग सम्झौता गरी विद्यालयले कार्य सञ्चालन गर्ने । |
| ६. अपेक्षित प्रतिफल | लागत अनुमान अनुसार विद्यालयको भवन तथा प्रयोगशला निर्माण भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | स्थानीय तहले कार्य सम्पन्न प्रतिवेदन पठाउने |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालय तथा स्थानीय तह |

## २.१२ कोभिड-१९ का कारण अभिभावक गुमाएका बालबालिकाहरुको लागि राहत अनुदान (आ.व. २०७८/०७९ को निरन्तरता समेत)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २७२१२ | पटक | १ | १०००० | प्रथम, दोस्रो र तेस्रो चौमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | परिचय | कोभिड-१९ महामारिको संक्रमणका कारण अभिभावक गुमाएका बालबालिकाहरुको संरक्षण, लालनपालन सहित शिक्षा प्राप्त गर्ने अधिकार प्रत्याभुतिका लागि प्रदेश सरकारको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रममा समावेश भई कोरोना महामारीका कारण अभिभावक गुमाएका बालबालिकालाई सामाजिक सुरक्षा वापत राहत एवं विद्यालयमा अध्ययनरत बालबालिकालाई छात्रवृत्ति उपलव्ध गराउने कार्यक्रमलाई निरन्तरता दिन बजेट विनियोजन भएकाले उक्त कार्यक्रमलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्नका यो मापदण्ड निर्माण गरिएको छ । |
| २. | कार्यक्रमको उद्देश्य | कोरोना महामारीका कारण अभिभावक गुमाएका बालबालिकाहरुको लालन पालन र पठनपाठनमा सहयोग पुऱ्याउने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. | बजेट बाँडफाँट | कोरोना महामारीका कारण अभिभावक गुमाएका बालबालिकाहरुलाई राहत तथा छात्रवृत्ती रकम उपलव्ध गराउने, बैठक व्यवस्थापन र सूचना प्रकाशन |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा;<br>"मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको शिक्षा हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।<br>"बालबालिका" भन्नाले गण्डकी प्रदेश भित्रका स्थायी बासिन्दा अभिभावकको मृत्यु भएको वर्ष ननाघेको बालबालिकालाई सम्झनु पर्दछ ।१८ वर्ष पुरा भएपछि यो सुविधा प्रदान गरिने छैन ।<br>"अभिभावक" भन्नाले बालबालिकाका बुवा वा आमालाई सम्झनु पर्दछ ।<br>"संरक्षक" भन्नाले स्थानीय तहले कोरोना महामारीका कारण अभिभावक गुमाएका बालबालिकाको संरक्षक भनी सिफारिस गरेको व्यक्ति सम्झनु पर्दछ ।<br><br>यस मापदण्ड बमोजिम गठन भएको समितिले देहायका कागजातहरु रुजु गरी राहत अनुदान उपलव्ध गराउन सिफारिस गर्नुपर्दछ ।<br>क) संरक्षक वा बालबालिकाले पेश गरेको निवेदन<br>ख) मृतकको पिसिआर वा एण्टिजेन रिपोर्ट<br>ग) बालवालिकाको जन्मदर्ता प्रमाणपत्र<br>घ) अभिभावकको मृत्यु दर्ता प्रमाण पत्र |

| शीर्षक | विवरण |
|---|---|
| | ङ) मृतक र बालबालिकाको सम्बन्ध खुलेको नाता प्रमाणित<br>च) स्थानीय तहको सिफारिस (संरक्षक समेत खुलेको)<br>छ) अध्ययनरत भए विद्यालयको सिफारिस<br>ज) बालबालिको नाममा खोलिएको बैंक खाता<br>मृतकको पिसिआर रिपोर्ट वा एण्टिजेन रिपोर्ट नभएका तर अस्पतालले दिएको कुनै कागजातमा कोभिड-१९ का कारणले मृत्यु भएको भनी स्वीकृत चिकित्सकको सिफारिसमा उल्लेख भएको पाइएमा पनि उक्त कागजातलाई मान्यता दिइनेछ ।<br>विदेशमा मृत्यु भएका अभिभावकको हकमा विदेशी अस्पताल वा दुताबासले कोभिड-१९ का कारण मृत्यु भएको भन्ने आधारमा मान्यता दिइनेछ ।<br>/एउटा अस्पतालबाट अर्को अस्पतालमा लैजादै गर्दा बाटैमा मृत्यु भएको छ भने गाउँपालिका/नगरपालिका/महानगरपालिकाको निज व्यक्ति कोभिड-१९ का कारणबाट मृत्यु भएको भनि बनाएको सिफारिस पत्र ।<br>पेश गरेका कागजात तथा विवरणहरु रुजु गरी मन्त्रालयका सचिव समक्ष पेश गर्न देहाय बमोजिमको एक समिति रहनेछ :<br>(क) शैक्षिक योजना, विज्ञान प्रविधि तथा प्राविधिक शिक्षा महाशाखा प्रमुख-संयोजक<br>(ख) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको स्वास्थ्य सेवाको अधिकृत प्रतिनिधि-सदस्य<br>(ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अधिकृत प्रतिनिधि-सदस्य<br>(घ) मन्त्रालयको आर्थिक प्रशासन शाखा- सदस्य<br>(ङ) विज्ञान प्रविधि तथा प्राविधिक शिक्षा शाखा प्रमुख-सदस्य सचिव<br>आवश्यकता अनुसार विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।<br>समितिले सिफारिस गरेका बालबालिकाहरुको सामाजिक सुरक्षा वापत राहत एवं विद्यालयमा अध्ययनरत भए छात्रवृत्ति रकम स्वरुप मासिक रु. ५ हजारका दरले सम्बन्धित बालबालिकाको बैंक खातामा रकम उपलव्ध गराउनेछ । त्यस्तो अनुदान रकम वढीमा तीन किस्तामा उपलव्ध हुनेछ ।<br>कोभिड-१९ का कारण मृत्यु भएको महिनाको पछिल्लो महिनाबाट गणना गरी राहत अनुदान उपलव्ध हुनेछ ।<br>गत आ.व. २०७८/७९ मा मन्त्रालयमा विवरण पेश गरेका तर कागजात अपुरो भई अनुदान प्राप्त गर्न नसकेका हाल कागजात पुरा गरेको खण्डमा त्यस्ता बालबालिकाहरुलाई पनि यसै मापदण्डको आधारमा २०७८ श्रावण महिना देखिकै अवधिबाट गणना गरी राहत अनुदान उपलव्ध गराइनेछ । |
| ६. अपेक्षित प्रतिफल | • कोरोना महामारीका कारण अभिभावक गुमाएका बालबालिकाको लालन पालन तथा शिक्षाको पहुँचमा सहयोग पुग्ने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | संरक्षक/बालबालिकाहरुले निम्नानुसारका कागजातहरु पेश गर्नुपर्नेछ :<br>(क) अनुसूची ९ अनुसारको निवेदन |

| शीर्षक | विवरण |
|---|---|
| | (ख) बालबालिकाको जन्मदर्ता<br>(ग) मृतकको पिसिआर वा एण्टिजेन रिपोर्ट<br>(घ) मृत्यु दर्ता प्रमाणपत्र<br>(ङ) मृतकसँगको नाता प्रमाणित<br>(च) स्थानीय तहको सिफारिस (संरक्षक समेत खुलेको)<br>(छ) अध्ययनरत भए विद्यालयको सिफारिस पत्र<br>(ज) बालबालिका नाममा खोलिएको बैंक खाता<br>गत आ.व. ०७८/७९ मा यस मन्त्रालयबाट राहत अनुदान प्राप्त गरेका बालबालिकाहरुले निवेदन, अध्ययनरत भए विद्यालयको सिफारिस तथा बैंक सम्बन्धी विवरण पेश गर्नुपर्नेछ । |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु, स्थानीय तह |

## २.१३ संग्रहालय, संस्कृति तथा पुरातत्व क्षेत्रको नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा

| खर्च शीर्षक | | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|---|
| २२५२२ | | पटक | १ | १०० | पहिलो चौमासिक |
| | शीर्षक | विवरण | | | |
| १. | परिचय | संघीयता कार्यान्वयनसँगै प्रदेश सरकारले आफ्ना काम कारवाहीहरुलाई पारदर्शी, जवाफदेही र व्यवस्थित रुपमा सञ्चालन गरी सेवा प्रवाह एवं निर्णय प्रक्रियालाई सरलीकृत गर्न विभिन्न नीति, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड लगायतका कानूनी आधार तयार गर्दै आएको छ । सङ्ग्रहालय, संस्कृति तथा पुरातत्त्व क्षेत्रको नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ । | | | |
| २. | कार्यक्रमको उद्देश्य | सङ्ग्रहालय नीति तथा कार्यक्रम कार्यान्वयनका मापदण्ड निर्माण हुने । | | | |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | | | |
| ४. | बजेट बाँडफाँट | बैठक भत्ता, दै.भ्र.भ., आतेजाते खर्च, खाजा, खाना तथा प्रतिवेदन लेखन | | | |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • बैठक तथा छलफल एवम् अभिमुखीकरण कार्यक्रम सञ्चालन,<br>• विज्ञ समूह गठन,<br>• कार्य शर्त निर्माण गर्ने,<br>• कार्य जिम्मेवारी दिने,<br>• प्रतिवेदन तयार पार्ने/नीतिगत दस्तावेज स्वीकृतीका लागि पेश गर्ने । | | | |
| ६. | अपेक्षित प्रतिफल | • सङ्ग्रहालय सम्बन्धी नीति एवं कार्यक्रम कार्यान्वयन मापदण्ड तयार भएको हुने । | | | |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • कार्यटोली गठन भएका कागजातहरु,<br>• बील भरपाईहरु<br>• बैठकका निर्णय प्रतिलिपी,<br>• प्रतिवेदन । | | | |
| ८. | अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | | | |

## २.१४ सुसंस्कृत गण्डकी कार्यक्रमका लागि सामग्री विकास तथा अभिमुखीकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | पहिलो र दोस्रो |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | परिचय | कुनै पनि सामाजिक विकृति नभएको र सबै मानिस चेतनशील भएको मर्यादित समाज नै सुसंस्कृत समाज हो । समाजमा रहेका आन्तरिक समस्या, हिंसा, चोरी, डकैती, दुष्कर्म, बलात्कार जस्ता कामलाई उन्मुलन गरी सभ्य समाज निर्माण गर्नु आजको आवश्यकता हो । सभ्य समाज निर्माणका लागि व्यक्तिहरुमा शीष्टता, शालिनता र समानता कायम गर्न सक्नुपर्छ । विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश भएका विषयवस्तुहरुलाई थप विस्तृतिकरण सहित विद्यार्थीहरुलाई सुसुचित गर्दै सुसंस्कृत गण्डकी प्रदेश निर्माण गर्न सामग्री विकास तथा अभिमुखिकरण गर्नका लागि यो मापदण्ड तयार गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | सुसंस्कृत गण्डकी कार्यक्रमका लागि सामग्री विकास तथा अभिमुखिकरण गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. | बजेट बाँडफाँट | विषयवस्तु तयारी, तालिम सामाग्री विकास, अभिमुखिकरण , सञ्चालनसँग सम्बन्धित कार्यक्रमको खर्च, सामग्री छपाइ |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • **विषयवस्तुको तयारी कार्यदल गठनः** सुसंस्कृत गण्डकी कार्यक्रम सञ्चालनका विषय एवम् कार्यक्रम कार्यान्वनको मार्गदर्शन तयारीका लागि मन्त्रालयमा देहाय बमोजिमको एक कार्यदल गठन गर्ने ।<br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>२. उच्चशिक्षा तथा संकृति महाशाखा प्रमुख - सदस्य<br>३. मन्त्रालयले तोकेको माध्यमिक तहको सामाजिक विषयको शिक्षक- सदस्य<br>४. प्रदेश प्रहरी कार्यालयले तोकेको १ जना प्रतिनिधि- सदस्य<br>५. कला, संस्कृति र सम्पदा सम्बन्धी १ जना विज्ञ- सदस्य<br>६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको १ जना स्वास्थ्य विज्ञ- सदस्य<br>७. भूमि व्यवस्था तथा कृषि मन्त्रालयले तोकेको १ जना कृषि विज्ञ- सदस्य<br>८. शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा-सदस्य सचिव<br><br>समितिले आवश्यकता अनुसार विषयवस्तु तयारीका लागि विज्ञ सम्मिलित गराउन सक्नेछ ।<br>**विषयवस्तुको क्षेत्रः** कार्यदलले देहाय बमोजिमका क्षेत्रमा आधारित रही विषयवस्तु तयार गर्नुपर्नेछ ।<br>१. सामाजिक कुरितीहरु न्युनिकरणका उपायहरु<br>२. नैतिकता, अनुशासन, स्वावलम्बन, उद्यमशिलताका लागि प्रोत्साहन |

| | |
|---|---|
| | ३. वातावरण संरक्षण एवम् दीगो विकास<br>४. स्वस्थकर जीवनयापन र रोगहरुबाट बच्नका लागि अबलम्बन गर्नुपर्ने विषयहरू<br>५. हिंसा न्युनीकरण, मानव अधिकार, कानुनी प्रावधान<br>६. कार्यदलले उपयुक्त ठानेका अन्य विषयहरु<br>विषयवस्तु तयार गर्दा प्रेरणादायि कथाहरु, असल अभ्यासहरु, रोचक उदाहरणहरु, तथ्य एवम् सुचनाहरु, विषयवस्तुको विस्तृतिकरणका लागि उपयुक्त भिडियोहरु<br>• **अभिमुखिकरण कार्यक्रमः** सामाजिक विकास कार्यालयहरु र सामाजिक विकास कार्यालयको समन्वयमा माध्यमिक तहका सामाजिक विषयका शिक्षकहरुका लागि प्याकेजमा समावेश भएका विषयवस्तुको सम्बन्धमा कम्तिमा २ दिनको प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । सामाजिक विषयका शिक्षकहरु जिल्लागत रुपमा छनौट गरी सहभागी छनौट गर्ने व्यवस्था मिलाउने ।<br>• |
| ६. अपेक्षित प्रतिफल | • समाजमा रहेका खराब अभ्यासहरु न्यूनिकरण गर्दै सभ्य समाज निर्माणमा विद्यालयको सहभागिता अभिबृद्धि भई सभ्य समाज विकासमा टेवा पुग्ने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यदल गठन सम्बन्धी निर्णय<br>• तयार भएको विषयवस्तु/सामाग्रि<br>• कार्यक्रमसँग सम्बन्धित खर्चका बील भरपाइहरु |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालय र सम्बन्धित स्थानीय तहहरु |

## २.१५ सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुलाई स्तरोन्नती अनुदान (E-Learning समेत)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | ३००० | पहिलो र दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | प्रदेश भित्र सञ्चालित सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरुको स्तरोन्नती गरी पुस्तकालयहरुलाई समुदायको ज्ञान व्यवस्थापन केन्द्रको रुपमा विकास गर्ने तथा गण्डकी प्रदेशको भौगलिक अवस्था, इतिहास, धर्म, संस्कृति, पर्यटन, कलाकौशल एवम् यस प्रदेशका स्रष्टाहरुद्वारा लिखित पुस्तक तथा पठन सामग्री व्वस्थापन गरी प्रदेशको पहिचान तथा चिनारीलाई मजवुद वनाउन आवश्यक छ । साथै पुस्तकालयको आवश्यकताका आधारमा अन्य पुस्तक खरिद, फर्निचर व्यवस्थापन, सूचना प्रविधि व्यवस्थापन र इ-लर्निङका सफ्टवेयर व्यवस्थापन लगायतका कार्यहरु सञ्चालन गर्न आवश्यक भएकोले यो कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न यो मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | सञ्चालित पुस्तकालयहरुको स्तरोन्नती गरी समुदायमा पठन संस्कृतिको विकास गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, छनौटमा परेका पुस्तकालयहरु |
| ४. बजेट वाँडफाँट | • प्रस्ताव मूल्याङ्कन एवम् छनौटका लागि बैठक व्यवस्थापन<br>• आवश्यकता पहिचान<br>• कार्यक्रम अभिमुखिकरण<br>• पुस्तकालयका लागि अनुदान<br>• अनुगमन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्ने (प्रस्तावपत्रको ढाँचा अनुसुची-१० मा भए बमोजिम हुनेछ) ।<br>• प्रस्ताव मूल्याङ्कन एवम् सिफारिस (प्रस्ताव मूल्याङ्कनका आधारहरु अनुसूची-१२ मा भए बमोजिम हुनेछ) ।<br>• कार्यक्रम कार्यान्वयनका लागि दर्ता भएका प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।<br>१. उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>३. मन्त्रालयले तोकेको पुस्तकालय विज्ञ- सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य |

| शीर्षक | विवरण |
|---|---|
| | ५. शाखा अधिकृत, उच्च शिक्षा तथा संस्कृति शाखा- सदस्य सचिव<br>• सम्झौता एवं अभिमुखीकरण<br>• कार्यक्रम कार्यन्वयन<br>• अनुगमन एवम् प्रतिवेदन । |
| ६. अपेक्षित प्रतिफल | • समुदायको ज्ञान व्यवस्थापन केन्द्रको रुपमा विकास हुने,<br>• पुस्तकालयको स्तरोन्नती हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु-<br>– पुस्तकालय व्यवस्थापन समितिको निर्णय र माग निवेदन सहितको प्रस्तावपत्र<br>– पुस्तकालय तथ्याङ्क फाराम (अनुसूची ११ मा भए बमोजिमको)<br>– लागत अनुमान<br>– पुस्तकालय व्यवस्थापन समितिका निर्णयहरु<br>– सम्वन्धित स्थानीय तहको सिफारिस<br><br>• रीतपूर्वकका सक्कल वील भरपाइहरु<br>• स्थानीय तहको सिफारिस पत्र<br>• पुस्तकालय व्यवस्थापन समितिको खर्च अनुमोदन सहितको भुक्तानी माग सम्वन्धी निर्णय प्रतिलिपी<br>• कार्यक्रमका फोटाहरु<br>• सामग्री खरीदको हकमा खरीद आदेश, दाखिला प्रतिवेदन,खर्च भएर नजाने जिन्सी खाताको प्रतिलिपि<br>• कार्य सम्पन्न प्रतिवेदन<br>• अनुगमन प्रतिवेदन |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, सामजिक विकास कार्यालय, स्थानिय तह |

## २.१६ नयाँ पाठ्यक्रम कक्षा ५ र ८ को परिक्षण अभ्यास भएका जिल्लाहरुमा कार्यान्वयनको अवस्था पहिचान र अनुशिक्षण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (हजारमा.रु) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | २ | २०० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | पाठ्यक्रम विकास केन्द्रको स्वीकृत कार्य तालिका अनुसार चालु शैक्षिक सत्रमा कक्षा ५ र ८ मा नमूना परीक्षण अभ्यास गर्ने कार्यक्रम रहेको छ । पाठ्यक्रम परीक्षण अभ्यासमा रहेका विद्यालयहरुलाई कार्यान्वयनका लागि थप क्षमता विकास गर्न सम्बन्धित विद्यालयका शिक्षकहरुलाई बैठक/छलफल तथा कार्यशाला सञ्चालन गरी पाठ्यकम कार्यान्वयनमा देखिएका सबल एवम् सुधार गर्नुपर्ने विषयका सम्बन्धमा साझा धारणा विकास गरी पाठ्यक्रम परिमार्जनका लागि पाठ्यक्रम विकास केन्द्रलाई सुझाव सहितको प्रतिवेदन पठाउने कार्यलाई व्यवस्थित बनाउन यो मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • पाठ्यक्रम परीक्षणको स्थलगत अध्ययन/अनुगमन गरी सुधारका लागि पृष्ठपोषण दिने |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | स्टेशनरी, दै.भ्र.भ., आतेजाते खर्च, खाजा, खाना, विविध खर्च ,प्रतिवेदन लेखन तथा सम्पादन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • विद्यालयहरुको विवरण सङ्कलन,<br>पाठ्यक्रम कार्यान्वयनको अवस्था अनुगमन गरी विद्यालयमा पृष्ठपोषण प्रदान गर्न र पाठ्यक्रम विकास केन्द्रमा सुझाव सहितको प्रतिवेदन प्रदान गर्न मन्त्रालयमा देहाय बमोजिमको एक समिति रहनेछ ।<br>• उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख - संयोजक<br>• पाठ्यक्रम विज्ञ २ जना- सदस्य<br>• विज्ञान प्रविधि र प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा- सदस्य सचिव<br>• अनुगमन तथा कक्षा अवलोकन साधन निर्माण<br>• सम्बन्धित कक्षामा पढाउने शिक्षक, प्र.अ. र वि.व्य.स. अध्यक्ष सहित छलफल/अन्तरक्रिया,<br>• स्थलगत अनुगमन,<br>• प्रतिवेदन तयार । |
| ६. अपेक्षित उपलव्धी | • पाठ्यक्रम कार्यान्वयनमा प्रभावकारीता आउने । |

| | शीर्षक | विवरण |
|---|---|---|
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम सञ्चालनसँग सम्बन्धित कागजातहरु (विद्यालयको विवरण, उपस्थिती),<br>• खर्चका बील भरपाइहरु,<br>• प्रतिवेदन । |
| ८. | अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.१७ स्थानीय पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनमा स्थानीय तहलाई सहजीकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (हजारमा.रु) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ३०० | दोस्रो चौमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | परिचय | पाठ्यक्रम समग्र शिक्षा पद्धतिको मार्गदर्शक एवम् गतिशील योजना हो । स्थानीय आवश्यकता र परिवेशलाई सम्बोधन गर्ने गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्न आवश्यक छ । यस कार्यमा स्थानीय तहमा क्षमता विकास र विज्ञहरुवाट सहजिकरण गरी मातृभाषास्थानीय विषयको / पाठ्यक्रम निर्माण कार्यलाई उद्देश्यमूलक बनाउन तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मर्म वमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउने कार्यमा सघाउ पुऱ्याउन आवश्यक भएकोले यो मापदण्ड तयार गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | • स्थानीय विषयको पाठ्यक्रम तयार गर्न स्थानीय तहको क्षमता विकास र प्राविधिक सहयोग गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | • शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय र स्थानीय तहहरु |
| ४. | बजेट वाँडफाँट | • बैठक भत्ता, स्टेशनरी, दै.भ्र.भ., आतेजाते खर्च, खाजा, खाना, कार्यशाला सम्बन्धी खर्च, प्रतिवेदन लेखन तथा सम्पादन |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • स्थानीय तहहरुबाट माग सङ्कलन र छनौट,<br>• स्थानीय तहमा स्थानीय पाठ्यक्रम विकास एवं निर्माण समिति गठनका लागि सहजिकरण गर्ने,<br>• मन्त्रालयमा स्थानीय पाठ्यक्रम निर्माण सहजिकरणका लागि पाठ्यक्रम निर्माणका अनुभवि दक्ष व्यक्तिहरुको सहजिफकरण समुह बनाउने,<br>• सहजिकरण समुहको सहभागीतामा स्थानीय तहमा गठित पाठ्यक्रम विकास एवं निर्माण समितिलाई सहजिकरण कार्यशाला सञ्चालन गर्ने,<br>• कार्यशाला सञ्चालनको लागि समय, स्थान र सहभागी एवं कार्यक्रम संख्या बजेट अनुसार तय गर्ने,<br>• स्थानीय तहले पाठ्यक्रमको मसौदा निर्माण गर्न लगाउने,<br>• स्थानीय तहले निर्माण गरेको मसौदालाई मन्त्रालयमा गठन भएको दक्ष समुहबाट आवश्यकता अनुसार भर्चुअल माध्यमद्वारा सहजीकरण गर्न सकिने छ,<br>• समग्र कार्यक्रमको प्रतिवेदन तयार गर्ने । |
| ६. | अपेक्षित प्रतिफल | • स्थानीय तहहरुमा स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार भई कार्यान्वयनमा आएको हुने । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • स्थानीय पाठ्यक्रम विकास एवं निर्माण सहजिकरण दक्ष समुह गठन |

| शीर्षक | विवरण |
|---|---|
| | सम्बन्धी कागजात<br>• बैठकका निर्णय प्रतिलिपी/सहजीकरणको उपस्थिति<br>• पाठ्यक्रम, पाठ्यपुस्तक/पाठ्यसामग्रीका मसौदाहरु ।<br>• समग्र कार्यक्रमको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.१८ आधारभूत तह उत्तीर्ण परीक्षा संचालन तथा व्यवस्थापन कार्यविधि/निर्देशिका निर्माण तथा अभिमुखीकरण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (हजारमा.रु) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १०० | पहिलो र तेश्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | संघीयता कार्यान्वयनसँगै माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहमा छ । स्थानीय तहहरुले आ-आफ्नै तवरवाट आधारभूत तहका परीक्षाहरु सञ्चालन एवं व्यवस्थापन गर्दै आएका छन् । परीक्षा प्रणालीलाई प्रदेशभर एकरुपता कायम गर्दै मर्यादित, व्यवस्थित एवं विश्वसनीय तवरवाट सम्पन्न गर्न स्थानीय तहहरुलाई सहज होस् भन्नका लागि आवश्यक निर्देशिका तयार गरी सो सम्बन्धमा अभिमुखीकरण गर्न आवश्यक भएकोले यो मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | आधारभूत तह उर्तिण परीक्षा संचालन तथा व्यवस्थापन कार्यविधि/निर्देशिका निर्माण भई<br><br>आधारभूत तह कक्षा ८ को परीक्षा एकरुपकता व्यवस्थित एवं स्तरीय वनाउन टेवा पुग्नु |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | बैठक भत्ता, यातायात खर्च, खाजा, खाना तथा प्रतिवेदन लेखन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यसर्त तयारी एवं स्वीकृती<br>निर्देशिका तयारी समिति गठन<br>क) उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख-संयोजक<br>ख) शिक्षा विकास निर्देशनालयको निर्देशक-सदस्य<br>ग) इकाइ प्रमुखहरू मध्येबाट मन्त्रालयले मनोनयन गरेको १ जना इकाइ प्रमुख-सदस्य<br>घ) माध्यमिक तहको प्र.अ./शिक्षक मध्येबाट संयोजकले मनोनयन गरेको १ जना-सदस्य<br>ङ) उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा-सदस्य सचिव<br>• निर्देशिकाको मसौदा तयार गर्ने<br>• सरोकारवाला विच छलफल गर्ने ।<br>• निर्देशिका स्वीकृतिका लागि पेश गर्ने । |
| ६. अपेक्षित प्रतिफल | • आधारभूत तह उत्तिर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका निर्माण भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यदल गठन भएका कागजातहरु,<br>• बील भरपाईहरु |

| | |
|---|---|
| | • उपस्थितीहरु<br>• बैठकका निर्णय प्रतिलिपी, |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.१९ स्थानीय तह तथा सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता कार्यक्रम निरन्तरता

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/सङ्ख्या | १ | १००० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | आ.व. २०७८/०७९ मा प्रविधिमैत्री वित्तीय साक्षरता पाठ्यसामग्री परिमार्जन गरी प्रदेश भित्रका ३८ वटा कक्षामा प्रविधिमैत्री वित्तीय साक्षरता कक्षा सञ्चालन एवम् व्यवस्थापन भएको छ । समुदायका नवसाक्षरहरुलाई उनीहरुको आवश्यकता अनुकुल हुने गरी नविनतम प्रविधि र वित्तिय कारोबारसँग सम्बन्धित विषयवस्तुहरुको बारेमा सामुदायिक सिकाइ केन्द्रमार्फत कक्षा सञ्चालन गरी साक्षरता र निरन्तर शिक्षा कार्यक्रम व्यस्थित रुपमा सञ्चालन गर्न आवश्यक भएकोले यो मापदण्ड तयार गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | प्रविधिमैत्री साक्षरता तथा निरन्तर शिक्षाका लागि लक्षित समुहको आवश्यकता अनुकूलको प्रविधिमैत्री साक्षरताको माध्यमवाट जीवन पर्यन्त सिकाइ अवसर प्रदान गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, सामुदायिक सिकाइ केन्द्रहरु |
| ४. बजेट बाँडफाँट | • आवश्यकता अनुसार पाठ्यसामग्री परिमार्जन गर्न सकिने<br>• साक्षरता कार्यक्रम सञ्चालन पूर्व सहजकर्ताका लागि तालिम सञ्चालन<br>• कक्षा व्यवस्थापन एवम् सञ्चालन<br>• सहजकर्ता प्रोत्साहन खर्च<br>• अनुगमन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सूचना प्रकाशन गरी प्रस्ताव माग गर्ने । प्रस्तावको ढाँचा अनुसुची- १३ बमोजिम हुनेछ ।<br>• प्रस्ताव मूल्याङ्कन एवम् छनौट गर्ने । प्रस्ताव मूल्याङ्कनको मापदण्ड अनुसुची-१४ बमोजिम हुनेछ ।<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन, छनौट तथा सिफारिस समिति रहनेछ ।<br>१. उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>३. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य |

| शीर्षक | विवरण |
| --- | --- |
| | ४. संयोजकले तोकेको सम्बन्धित क्षेत्रको अनुभव भएको व्यक्ति- सदस्य<br>५. उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा प्रमुख- सदस्य सचिव<br>• मन्त्रालयले स्थान निर्धारण गरी सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताका लागि तालिम सञ्चालन गर्ने ।<br>• कार्यक्रम कार्यान्वयन सम्झौता गरी साक्षरता कक्षा सञ्चालन गर्ने ।<br>• आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक, मसलन्द सामग्री, कक्षा व्यवस्थापन खर्च उपलव्ध गराउने । |
| ६. अपेक्षित उपलव्धी | नवसाक्षरहरुमा प्रविधि मैत्री ज्ञान र सीप विकास हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरु<br>• अनुसूची १३ बमोजिमको प्रस्ताव र संलग्न गर्नुपर्ने भनि उल्लेख भएका कागजातहरू<br><br>भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरु<br>• तालिम सञ्चालनसँग सम्बन्धित कागजातहरु<br>• कक्षा सञ्चालन सम्बन्धी सहजकर्ता र सहभागीहरुको हाजिरी,<br>• बिल भरपाईहरु<br>• कार्यक्रमको फरफारकका लागि स्थानीय तहको सिफारिस तथा सामुदयिक सिकाइ केन्द्रको खर्च अनुमोदन सम्बन्धी निर्णय<br>• कार्यक्रम सञ्चालनका तस्विरहरु<br>• स्थानीय तहबाट भएको अनुगमन प्रतिवेदन र सिफारिस<br>• समग्र कार्यक्रमको प्रतिवेदन |
| ८. अनुगमन एवम् प्रतिवेदन | कार्यक्रमको अनुगमन शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय/सामाजिक विकास कार्यालय/सम्बन्धित स्थानीय तह। |

## २.२० सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापकीय क्षमता विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/सङ्ख्या | १ | २५० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | समुदायको आवश्यकता अनसुार साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ तथा सामुदायिक विकास कार्यक्रम पहिचान, व्यवस्थापन, कार्यान्वयन तथा समन्वय गर्नका लागि सञ्चालित सामुदायिक सिकाइ केन्द्रका समुदाय परिचालकहरुको व्यवस्थापकीय क्षमता विकास गरी उपयुक्त र प्रभावकारी तवरले कार्य सम्पादन गर्न सक्षम बनाउन आवश्यक भएकोले यो मापदण्ड तयार गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुको क्षमता विकास गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • कार्यक्रम सञ्चालन एवम् व्यवस्थापन<br>• सामग्री छपाइ, मसलन्द<br>• अनुगमन, बैठक, खाजा खाना खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • क्षमता विकास अवधारणापत्र तयार गर्ने<br>• सहजीकरण सामग्री तयार गर्ने<br>• प्रशिक्षक छनौट<br>• कार्यक्रमका सहभागी छनौट<br>• कार्यक्रम सञ्चालन<br>• प्रतिवेदन |
| ६. अपेक्षित उपलव्धी | सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास भई सिकाइ केन्द्र व्यवस्थापनमा प्रभावकारिता आएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • अवधारणा पत्र<br>• कार्यक्रम सञ्चालन सम्बन्धी कागजातहरु, खर्चका बील भरपाईहरु<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.२१ त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्रविकास (कार्यक्रम विकास एवं कार्यान्वयन)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | जिल्ला | १ | २५००० | प्रथम र दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | नवलपरासी (वर्दघाट सुस्तापूर्व) विनयी त्रिवेणी गाउँपालिका वडा नं-६ र ७ स्थित पवित्र त्रिवेणी संगम गजेन्द्रमोक्ष दिव्य धामलाई पौराणीक र ऐतिहासिक महत्वको धार्मिक साँस्कृतिक तथा पर्यटकिय स्थलका रुपमा विकास र सञ्चालन गर्न आवश्यक भएको सन्दर्भमा गण्डकी प्रदेश सरकार मन्त्रीपरिषदको प्रस्ताव र प्र.म.प.वै.सं.३२/०७८ मिति २०७८/०७/२९ को निर्णयानुसार त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्र विकास समिति (गठन) आदेश, २०७८ स्वीकृत भई कार्यान्वयन भएको छ। त्रिवेणी गजेन्द्रमोक्ष दिव्य धाम क्षेत्र विकास कार्यक्रममार्फत धार्मिक साँस्कृतिक तथा पर्यटकिय स्थलका रुपमा विकास र सञ्चालन गर्न यो मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | त्रिवेणी संगम गजेन्द्रमोक्ष दिव्य धामलाई पौराणीक र ऐतिहासिक महत्वको धार्मिक साँस्कृतिक तथा पर्यटकिय स्थलका रुपमा विकास र सञ्चालन गर्न । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय र त्रिवेणी गजेन्द्रमोक्ष दिव्य धाम क्षेत्र विकास समिति |
| ४. बजेट बाँडफाँट | • त्रिवेणी गजेन्द्रमोक्ष दिव्य धाम क्षेत्र विकास समितिको निर्णय अनुसार।<br>• अनुगमन खर्च । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • क्षेत्र विकास समितिको यस वर्षको वार्षिक कार्यक्रम सहितको प्रस्ताव माग गर्ने ।<br>• प्रस्ताव तथा कार्ययोजना स्वीकृत गरी अख्तियारी प्रदान गर्ने ।<br>• चौमासिक प्रगति/खर्च विवरण मन्त्रालयमा पेश गर्ने । |
| ६. अपेक्षित उपलव्धी | त्रिवेणी गजेन्द्रमोक्ष दिव्य धाम क्षेत्र विकासको धार्मिक साँस्कृतिक तथा पर्यटकिय स्थलका रुपमा विकास हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • प्रस्तावना एवं कार्ययोजना<br>• वार्षिक कार्ययोजना सहितको क्रियाकलाप<br>• वार्षिक प्रगति प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मुख्यमन्त्री तथा मन्त्रिपरीषदको कार्यालय र शिक्षा संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, |

## २.२२ गण्डकी प्रदेशको संस्कृति संरक्षण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | पहिलो, दोस्रो र तेश्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | मानव जातिले आफ्नो ज्ञान, सीप र क्षमताको उपयोग गरी निर्माण वा रचना गरेका यावत सिर्जना अनुरुपको जीवनशैली नै मानव संस्कृति हो । यस प्रदेशका विभिन्न समुदाय, जाति, भाषा, धर्म र सम्प्रदायसँग सम्बन्धित भौतिक र अभौतिक सिर्जनाहरुको संरक्षणमा सहयोग पुर्याउन यो कार्यक्रम समावेश गरिएको छ । संस्कृति संरक्षणसँग सम्बन्धित मेला, पर्व, उत्वस,जात्रा, गायन जस्ता प्रतियोगिता लगायत कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने हुन्छ । |
| २. कार्यक्रमको उद्देश्य | गण्डकी प्रदेशमा रहेका संस्कृतिहरुको संरक्षण गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन गर्ने संस्थाले पेश गरे बमोजिमको लागत अनुमान (कार्यक्रम सञ्चालनको क्रममा संलग्न हुने सङ्गितकर्मी, संस्कृतिकर्मीहरुको यातायात खर्च, पोषाक भाडा, पुरस्कार, प्रसंशा एवम् सम्मान पत्र व्यवस्थापन, कार्यक्रम सञ्चालन सम्बन्धमा प्रचार प्रसार) अधिकतम रु. ५० हजारको सिमा भित्र रही कार्यक्रम सञ्चालन व्यवस्थापनका लागि अनुदान उपलव्ध गराउने । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • संस्कृति संरक्षणसँग सम्बन्धित रहि मन्त्रालयमा प्राप्त हुने निवेदनहरुको संकलन<br>• संस्थाहरुसँग सम्झौता गर्ने<br>• सम्झौता भएको संस्था/समिति मार्फत कार्यक्रम सञ्चालन |
| ६. अपेक्षित प्रतिफल | गण्डकी प्रदेशको संस्कृति संरक्षणमा सहयोग पुग्ने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | प्रस्ताव पेश गर्दा पेश गर्नुपर्ने कागजातहरुः<br>• अनुसूची १५ अनुसारको प्रस्तावना<br>• प्रस्ताव पेश गर्ने संस्था व्यवस्थापन/ सञ्चालक समितिको कार्यक्रम माग गर्ने निर्णय<br>• समूह/समिति/क्लब दर्ता एवम् नविकरण प्रमाणपत्र (आमा समूह लगायतका समूहले पेश गर्दा समूहको दर्ता एवम् नविकरण प्रमाणपत्र पेश गर्नुपर्ने)<br>• सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>• कार्यक्रम कार्यान्वयको प्रस्तावना सहितको कार्ययोजना<br>• कार्यक्रमको लागत अनुमान |

| | |
|---|---|
| | भुक्तानी मागका लागि पेश गर्नुपर्ने कागजातहरुः<br>१. कार्यसम्पन्न भए पश्चात समितिको खर्च अनुमोदन सहितको भुक्तानी माग गर्ने निर्णय<br>२. खर्चका बील भरपाईहरु<br>३. कार्यसञ्चालनसँग सम्बन्धित फोटो सहितको प्रतिवेदन |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.२३ शहिद थम्मन महेश स्मृति प्रतिष्ठान, कास्कीलाई साहित्य संरक्षणका लागि अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक/संख्या | १ | ५०० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | विभिन्न जातजाति, भाषा, धर्म र संस्कृति एवं साहित्यको उत्थान, अध्ययन अनुसन्धान गरी जगेर्ना गर्न आवश्यक छ । त्यसका लागि प्रतिष्ठान तथा समितिहरुबाट कार्यहरु भईरहेका हुन्छन । यसै सिलसिलामा साहित्यको संरक्षण सम्बन्धी कार्यका लागि शहिद थम्मन महेश स्मृति प्रतिष्ठानलाई अनुदानका रुपमा संलग्न कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न यो मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | साहित्य संरक्षण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय र शहिद थम्मन महेश स्मृति प्रतिष्ठान |
| ४. बजेट बाँडफाँट | साहित्य सम्बन्धी प्रतियोगितात्मक कार्यक्रमहरु, लेख रचना प्रकाशन, साहित्य सम्बन्धी अध्ययन अनुसन्धान जस्ता कार्यहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • पत्राचार गरी प्रस्तावना माग गर्ने<br>**प्रस्तावका साथमा प्रतिष्ठानले पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**<br>○ प्रतिष्ठान दर्ता सम्बन्धी कागजात<br>○ प्रतिष्ठानले सम्पादन गर्ने कार्यको कार्ययोजना सहित प्रस्ताव<br>○ कार्यक्रम कार्यान्वयन सम्बन्धमा प्रतिष्ठानको निर्णय,<br>• सम्बन्धित स्थानीय तहको सिफारिस<br>मन्त्रालयसँग सम्झौता<br>• कार्य सम्पन्न प्रतिवेदन र सक्कल बील भरपाई पेश भए पश्चात अनुदान उपलव्ध गराउने,<br>• अनुगमन गर्ने,<br>• प्रतिवेदन तयार गर्ने ।<br>रकम खर्च गर्दा प्रदेश सरकारको खर्चको मापदण्ड, २०७५ बमोजिम खर्च गर्नु पर्नेछ । |
| ६. अपेक्षित उपलव्धी | साहित्य संरक्षण/जगेर्नामा मद्दत पुग्ने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • प्रतियोगितात्मक कार्यक्रमको उपस्थिति<br>• रित पूर्वक गरिएका खर्चका वील भरपाइहरु<br>• सामग्री खरिद गरिएकोमा जिन्सी दाखिला रिपोर्ट<br>• भुक्तानीका लागि स्थानीय तहको सिफारिस<br>• कार्यक्रमसँग सम्वन्धित फोटाहरु |

| शीर्षक | विवरण |
|---|---|
| | • कार्यक्रमको समग्र प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.२४ गण्डकी प्रदेशको धर्म, संस्कृति संरक्षण तथा सम्बर्द्धन कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | १००० | सबै चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | गण्डकी प्रदेशमा रहेका धर्म एवम् संस्कृति (परम्परागत रुपमा मनाउँदै आएका चाडपर्व, मेला, नाच लगायतको) संरक्षण एवम् सम्बर्द्धन गरी धार्मिक सहिष्णुता, साँस्कृतिक विविधताले युक्त प्रदेशको रुपमा पहिचान स्थापीत गर्नका लागि धर्म र संस्कृति संरक्षणका लागि स्थापित संस्था, समिति, समूहहरुले कार्यान्वयन गर्ने कार्यक्रममा सहयोग पुऱ्याउने कार्यलाई सरल, व्यवस्थित एवम् पारदर्शी बनाउनका लागि यो मापदण्ड तयार गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | गण्डकी प्रदेशमा रहेका संस्कृतिहरुको संरक्षण गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय र प्रस्ताव स्वीकृत भएका संघ संस्था, समिति वा समूहहरु |
| ४. बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन गर्ने संस्थाले पेश गरे बमोजिमको लागत अनुमान (धर्म संस्कृतिसँग सम्बन्धित बाजा, बाद्यवाधनका सामग्रीहरु, धार्मिक पुस्तकहरु, परम्परागत पोषाक संरक्षण, परम्परा अनुसार मनाइने जात्रा, पर्व, नाच) र क्रियाकलापका लागि लाग्ने खर्च, अधिकतम रु. ५० हजारको सिमा भित्र रही कार्यक्रम सञ्चालन व्यवस्थापनका लागि अनुदान उपलव्ध गराउने । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • संस्कृति संरक्षणसँग सम्बन्धित रहि मन्त्रालयमा प्राप्त हुने निवेदन/प्रस्तावहरुको संकलन गर्ने प्रस्तावको ढाँचा अनुसुची- १५ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>• गण्डकी प्रदेशको धर्म, संस्कृति संरक्षणका लागि क्रियाशिल संस्था, समूह/ समितिको प्रस्ताव सम्बन्धमा मन्त्रालयमा छलफल गरी उपयुक्त प्रस्ताव पेश गरेका संस्था/समिति/ समूह/ क्लवहरुसँग सम्झौता गर्ने ।<br>• सम्झौता भएको संस्था मार्फत कार्यक्रम सञ्चालन ।<br>• कार्यक्रमको समग्र प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | गण्डकी प्रदेशको संस्कृति संरक्षणमा सहयोग पुग्ने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | **प्रस्ताव पेश गर्दा पेश गर्नुपर्ने कागजातहरुः**<br>• कार्यक्रम कार्यान्वयनको प्रस्तावना<br>• प्रस्ताव पेश गर्ने संस्था/समूह/समिति/क्लव व्यवस्थापन/सञ्चालक समितिको कार्यक्रम माग गर्ने निर्णय<br>• संस्था/समूह/समिति/क्लब दर्ता प्रमाणपत्र<br>• सम्बन्धित स्थानीय तहको सिफारिस पत्र |

| | |
|---|---|
| | • व्यवस्थापन/ सञ्चालक समितिबाट स्वीकृत भएको कार्यक्रमको लागत अनुमान<br>**भुक्तानी मागका लागि पेश गर्नुपर्ने कागजातहरुः**<br>१. कार्यसम्पन्न भए पश्चात समितिको खर्च अनुमोदन सहितको भुक्तानी माग गर्ने निर्णय<br>२. खर्चका बील भरपाईहरु<br>३. कार्यसञ्चालनसँग सम्बन्धित फोटो सहितको प्रतिवेदन |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.२५ शहिद पार्क व्यवस्थापन अनुदान (आ.व.२०७८/७९ को निरन्तरता समेत)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | पटक | १ | ५००० | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | राज्यले शहीद भनि घोषणा गरेका व्यक्तिको सम्झना र सम्मान हुने गरी गण्डकी प्रदेश भित्रका शहीद पार्क स्थापना एवम् सञ्चालन गर्नु आवश्यक छ । पार्कको स्थापनाले सर्वसाधारण नागरिकहरुसम्म शहीदहरुको पहिचान एवम् इतिहासको संरक्षण, शहीदहरु प्रतिको सम्मान, राष्ट्र र राष्ट्रियता प्रति नागरिकहरुमा कर्तव्यबोध गराउन तथा पर्यटन प्रबर्द्धनमा समेत सहयोग पुग्ने भएकोले यो कार्यक्रम समावेश गरिएको छ । यस कार्यक्रम अन्तर्गत यसपूर्व स्थापना भएका पार्कहरुको स्तरोन्नतिलाई समेत समेटिने छ । |
| २. कार्यक्रमको उद्देश्य | गण्डकी प्रदेशमा शहीद पार्क निर्माण एव् स्तरोन्नती गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय/स्थानीय तह |
| ४. बजेट बाँडफाँट | विस्तृत आयोजना प्रतिवेदन<br>निर्माण तथा स्तरोन्नती खर्च<br>बैठक व्यवस्थापन तथा अनुगमन खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | १.परिभाषा:- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-<br>**"मन्त्रालय"** भन्नाले शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशलाई सम्झनु पर्छ ।<br>**"स्थानीय तह"** भन्नाले गण्डकी प्रदेश भित्र रहेका महानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्छ ।<br>**"शहीद"** भन्नाले व्यक्तिगत स्वार्थ बिना काम गर्ने र देश र जनताको भलाईका लागि आफ्नो ज्यानको बलिदानी दिने व्यक्तिलाई शहीद भनिन्छ । शहीद शव्दले राज्यले शहीद भनि घोषणा गरेका व्यक्तिलाई जनाउँदछ ।<br>**"शहीद पार्क"** भन्नाले शहीदहरुको योगदान र पहिचान खुल्ने गरी शहीदहरुको सम्मानमा स्थापना भएका वा हुने पार्कलाई बुझिन्छ ।<br>२. पार्क भित्र निर्माण गर्नुपर्ने पूर्वाधार:- (१) यस मापदण्ड बमोजिम निर्माण गर्न सकिने शहीद पार्क भित्र देहायका पूर्वाधारहरु निर्माण क्रमशः गर्दै जानु पर्नेछः-<br>• शहीदहरुको परिचय, योगदान र सूचना समेटिएको सूचना केन्द्र,<br>• शहीदहरुको तस्वीर/ शालिक,<br>• बगैंचा तथा उद्यान,<br>• शान्ति स्मारक/स्तम्भ, |

| | |
|---|---|
| | • कम्पाउण्ड तथा गेट<br>• सभा/बैठक कक्ष, चमेना गृह<br>• सम्बन्धित क्षेत्रको साँस्कृतिक तथा विविधता झल्कने पूर्वाधारहरु<br>• खानेपानी तथा शौचालय<br><br>३. नयाँ पार्क निर्माणका निम्ति कम्तिमा २ (दुई) रोपनी क्षेत्रफल भएको जग्गा उपलव्ध हुनु पर्नेछ ।<br>४. प्रस्ताव माग गर्नेः पार्क स्थापना एवम् स्तरोन्नतीका लागि मन्त्रालयले समिति, संघ संस्था वा स्थानीय तहवाट कम्तीमा १५ दिनको म्याद दिइ सार्वजनिक सूचना गरी प्रस्ताव माग गरिनेछ । पेश गरिने प्रस्ताव अनुसूची-१६ बमोजिमको ढाँचामा विवरण खुलेको हुनु पर्नेछ ।<br><u>४. पार्क निर्माणका लागि स्थान छनौट गर्ने आधारः-</u><br>• यस पूर्व पार्क निर्माण भएका पार्कको हकमा स्थान छनौट गरिरहनु नपर्ने,<br>• स्थानीय तहवाट जग्गाको भोगाधिकार उपलव्धता, न्यूनतम २ (दुई) रोपनी जग्गा हुनुपर्ने,<br>• स्थानीय तह वा अन्य समिति, संघ संस्थावाट हुन सक्ने साझेदारी,<br>• कार्यक्रमबाट लाभान्वित हुने जनसङ्ख्या,<br>• कार्यक्रमवाट अपेक्षित प्रतिफल<br>• उपयुक्त भौगोलिक अवस्था,<br>• यातायात, विद्युत तथा सञ्चारको सुविधा भएको स्थान,<br>• मन्त्रालयवाट गरिएको स्थलगत अध्ययन प्रतिवेदन ।<br><u>५. स्थान छनौट तथा अनुदान सिफारिस समितिः-</u><br>(१) कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्न देहाय बमोजिमको प्रस्ताव छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।<br>• उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- संयोजक<br>• प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>• मन्त्रालयले तोकेको विज्ञ — सदस्य<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको अधिकृत - सदस्य<br>• आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>• शाखा अधिकृत, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा सदस्य-सचिव<br>(२) बुँदा (२) बमोजिमको समितिको बैठकले छनौट सम्बन्धी आधारहरु आफैं निर्धारण गर्न सक्नेछ ।<br>• प्रस्ताव अनुगमन गरी मूल्यांकनको अंक प्रदान गर्ने । |

| | | |
|---|---|---|
| | | ६. कार्यक्रम सञ्चालनमा मन्त्रालयवाट साझेदारी हुन नसक्ने र वजेट तथा कार्यक्रम प्रस्ताव गर्न नपाइने विषयहरुः-<br>• राष्ट्रिय एकता तथा सामाजिक सास्कृतिक सद्भाव खल्बलिने विषय,<br>• बातावरण संरक्षणमा प्रतिकुल असर पुऱ्याउने विषय ।<br>७. लागत साझेदारी र सो को रकम निकासा तथा भुक्तानी प्रक्रियाः-(१) यस कार्यविधि बमोजिम शहीद पार्क पूर्वाधार निर्माणको लागि लागत साझेदारी गर्नु पर्ने भएमा साझेदारी गर्न सकिनेछ ।<br><u>८. सम्झौता गर्नुपर्ने:-</u> छनौट भएका समिति, संघ संस्था वा स्थानीय तहले शहीद पार्क निर्माणका लागि मन्त्रालयसँग सम्झौता गर्नुपर्ने छ ।<br><u>१०. समिति, संघ संस्था वा स्थानीय तहको काम र कर्तव्य:-</u> (१) यस कार्यविधि बमोजिम छनौट भएका समिति, संघ संस्था वा स्थानीय तहको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-<br>• निर्माण वा स्तरोन्ती गरिने शहीद पार्कसम्म यातायात तथा सञ्चार, खानेपानीको सुविधा पुर्याउने,<br>• जुन कार्यक्रमका लागि सम्झौता गरिएको हो सोही कार्यक्रममा मन्त्रालयलाई सहयोग गर्ने ।<br><u>११. उल्लेख गर्नुपर्ने:-</u> यस मापदण्ड बमोजिम निर्माण वा स्तरोन्नती हुने शहीद पार्क पूर्वाधारको कार्य प्रारम्भ गर्दाका बखत नै सबैले देखिने ठाउँमा स्पष्ट रुपमा साझेदारहरुको (मन्त्रालय र सम्बन्धित समिति, संघ संस्था वा स्थानीय तह) नाम उल्लेख गरी सूचना पाटी राख्नु पर्नेछ ।<br><u>१२. साझेदारी गर्ने:-</u> सम्बन्धित समिति, संघ संस्था वा स्थानीय तहले यो मापदण्ड स्वीकृत हुनु अघि कुनै प्रक्रियाबाट शुरु भई सञ्चालनमा आएका पार्क, स्मारक जस्ता पूर्वाधारको स्तरोन्नती कार्य गर्ने गरी शहीद पार्क निर्माणको प्रस्ताव पेश गरेमा मन्त्रालयले त्यस्ता पार्कहरुको स्तरोन्नती गर्न सक्नेछ ।<br><u>१३. पार्क संरक्षण समिति:-</u> यस कार्यविधि बमोजिम निर्माण हुने शहीद पार्कको संरक्षण गर्न एक पार्क संरक्षण समिति गठन गर्नु पर्नेछ । |
| ६. | अपेक्षित उपलव्धी | शहीद पार्कको स्तरोन्नती तथा नयाँ पार्क निर्माण भएको हुने । |
| ७. | विद्यार्थीले पेश गर्नुपर्ने कागजातहरु | • डिपिआर, लागत अनुमान, स्थानीय तहको सिफारिस आदी । |
| ८. | अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.२६ लमजुङको क्होलासोथरलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्ने सम्वन्धी कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/सङ्ख्या | १ | २००० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | धार्मिक, साँस्कृतिक, प्राकृतिक, भौगोलिक, पुरातात्त्विक विविध दृष्टिले विश्व सम्पदा सूचीमा सुचीकृत हुन सम्भावना भएको लमजुङ स्थित क्होलासोथरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न सकिएमा उक्त क्षेत्र गण्डकी प्रदेशको एक गन्तव्यस्थल बनी विश्वकै एक पर्यटकीय क्षेत्रको रुपमा विकास भई यस क्षेत्रमा विविध पक्षको विकास हुने प्रशस्त सम्भावना बोकेको यस क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न टेवा पुऱ्याउने उद्देश्यले राखिएको यस कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न यो मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • लमजुङको क्होलासोथरलाई विश्व्व सम्पदा सूचीमा सूचीकृत गर्न सम्भाव्यता अध्ययन गर्ने,<br>• विश्व सम्पदा सूचीमा सूचीकृत हुन आधार तयार हुने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | • शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | अनुगमन, कार्यशाला, समन्वय बैठक, सेवा परामर्श, विविध |
| ५. सञ्चालन गरिने क्रियाकलाप | – स्थलगत अनुगमन<br>– कार्यदल गठन<br>– सुझाव सङ्कलन कार्यशाला<br>– सेवा परामर्श<br>– विभिन्न निकायहरुसँग समन्वय |
| ६. अपेक्षित उपलव्धी | लमजुङको क्होलासोथरलाई विश्र्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि आधार तयार हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | कार्यक्रम प्रतिवेदन<br>खर्चका वील भरपाइहरु |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.२७ उत्कृष्ट विद्यार्थी प्रोत्साहन (गणित र विज्ञान मुख्य विषय लिई कक्षा ११ र १२ तथा स्नातक गर्दै गरेका दलित तथा असहाय छात्रालाई छात्रवृत्ति कार्यक्रम)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | जना | | ५००० | दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | आ.व. २०७९/०८० मा कक्षा ११ र १२ मा गणित वा विज्ञान मूल विषय लिई अध्ययन गर्ने तथा स्नातक तहमा भर्ना भई मुल विषय गणित वा विज्ञान वा गणित विज्ञान अध्ययनरत विद्यार्थीहरुलाई आर्थिक समस्या भएका, गण्डकी प्रदेशमा स्थायी बसोबास गर्ने, नेपालभित्रका सरकारी वा सामुदायिक विद्यालय एवम् क्याम्पसमा अध्ययनरत दलित तथा असाहाय छात्राहरुलाई छात्रवृत्ति प्रदान गरी ती विषयहरुमा सो समुहको पहुँच वृद्धि गर्न, सामाजिक न्याय तथा जनशक्ति कमीको समस्या समाधान गर्न, उत्कृष्ट विद्यार्थी प्रोत्साहन कार्यक्रमका लागि बजेट व्यवस्था गरिएकोले यो कार्यक्रम कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | कक्षा ११- १२ मा गणित वा विज्ञान मूल विषय अध्ययन गर्ने तथा स्नातक तहमा गणित वा विज्ञान वा गणित विज्ञान मूल विषय लिई अध्ययन गर्ने छात्राहरुलाई छात्रवृत्ती प्रदान गरी उक्त तह पूरा गर्न सहयोग पुऱ्याउने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | शिक्षा विकास निर्देशनालय |
| ४. बजेट बाँडफाँट | छात्रवृत्ती मापदण्ड तयारी समितिका खर्चहरु- रु. २ लाख ५० हजार<br>सूचना प्रकाशन, निवेदन मूल्याङ्कन र छनौट तथा छात्रवृत्ति-४७ लाख ५० हजार |
| ५. सञ्चालन गरिने क्रियाकलाप | **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,<br>(क) **"उत्कृष्ट विद्यार्थी "** भन्नाले विद्यालय वा क्याम्पसगत हिसाबले नियमित उपस्थित हुने, अनुशासित एवं उपलव्धिका दृष्टिले राम्रो छात्रालाई बुझाउछ।<br>(ख) **"छात्रवृत्ति"** भन्नाले तोकिएका तह र विषयहरुमा अध्ययनरत तोकिएबमोजिमका छात्राहरुलाई वार्षिक रुपमा एकमुष्ट रुपमा दिइने आर्थिक अनुदानलाई बुझाउछ।<br>ग) **"दलित विद्यार्थी"** भन्नाले कानुन वमोजिम दलित भनी तोकिएको जातिका |

| शीर्षक | विवरण |
|---|---|
| | विद्यार्थीलाई सम्झनु पर्दछ । <br><br>(घ) **असहाय छात्रवृत्ती** भन्नाले जीवनयापान गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ती नभएको, नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको न्यून आयस्रोत भएका परिवारका सन्ततीका लागि प्रदान गरिने छात्रवृत्ती सम्झनु पर्दछ । <br><br>"**प्रोत्साहन छात्रवृत्ति**" कक्षा ११-१२ मा विज्ञान वा गणित मूल विषय तथा स्नातक तहमा गणित वा विज्ञान वा गणित विज्ञान विषय अध्ययन गर्नका लागि विद्यालय, क्याम्पस वा विश्वविद्यालयमा भर्ना भइ अध्ययन शुरु गरेका छात्राहरुको अध्ययनका लागि चाहिने खर्चको अभावमा अध्ययनलाई बिचैमा छाड्नु नपरोस भनी उपलव्ध गराइने थप सहायता रकम सम्झनु पर्दछ । <br><br>**सूचना प्रकाशनः** (१) छात्रवृत्ति प्रदान गर्नका लागि कक्षा ११-१२ र स्नातक तहमा भर्ना भएका गणित वा विज्ञान वा गणित विज्ञान मूल विषय अध्ययनरत विद्यार्थीहरुसँग कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी तोकिएका कागजात सहित निवेदन माग गरिनेछ। <br><br>(२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयको वेवसाइट वा अन्य विद्युतीय माध्यम तथा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गरिनेछ । <br><br>**समिति गठनः** गण्डकी प्रदेशमा छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित एवम् विश्वसनिय रुपमा सञ्चालन गर्नका लागि प्रदेशस्तरीय छावृत्ती व्यवस्थापन मापदण्ड निर्माण गर्नका लागि यसै कार्यक्रम अन्तर्गत रही मन्त्रालयमा छात्रवृत्ती व्यवस्थापन मापदण्ड सिफारिस समिति गठन गरी मापदण्ड तयार गर्ने । <br><br>• **निवेदन पेश गर्नेः** (१) कक्षा ११ र १२ मा विज्ञान वा गणित मूल विषय लिएका विद्यार्थीले अनुसूची-१७ बमोजिमको ढाँचामा विद्यालयमा निवेदन दिनु पर्नेछ भने सम्बन्धित विद्यालयले स्थानीय तहको सिफारिस र तोकिएका कागजातहरु संलग्न राखि अनुसूची- १८ बमोजिम विवरण तयार गरी सूचनामा तोकिएको म्याद भित्र शिक्षा विकास निर्देशनालयमा सक्कलै निवेदन पेश गर्नुपर्नेछ भने स्नातक तहमा गणित वा विज्ञान विषय अध्ययन गर्नका लागि छनौट भई भर्ना भएका असहाय तथा दलित जातिका छात्राहरुले सम्बन्धित शिक्षण संस्थाको सिफारिस संलग्न गरी तोकिएको समय भित्र अनुसूची-१७ को ढाँचामा शिक्षा विकास निर्देशनालय समक्ष छात्रवृत्ति दोहोरो नपरेको सुनिश्चितता सहित निवेदन पेश गर्नु पर्नेछ । <br><br>(२) सामुदायिक विद्यालयबाट SLC/SEE उत्तीर्ण गरेको भए सम्बन्धित |

| शीर्षक | विवरण |
|---|---|
| | जिल्लाको शिक्षा विकास तथा समन्वय ईकाइबाट प्रदान गरिएको सिफारिस पत्र संलग्न गरेको हुनुपर्नेछ । साथै शहीदस्मृति आवासीय विद्यालयबाट SLC/SEE उत्तीर्ण गरेको भए पनि सामुदायिक विद्यालय सरह अङ्क प्रदान गरिनेछ। शैक्षिक वर्ष २०७९ मा भर्ना भई स्नातक तह अध्ययनरत विद्यार्थीहरुले उक्त क्याम्पस वा विश्वविद्यालयमा भर्ना भइ अध्ययन गरिरहेको विवरण खुल्ने गरी सिफारिस पेश गर्नुपर्नेछ ।<br><br>**छात्रवृत्ति रकम सम्बन्धमाः** छात्रवृत्ति बापतको रकम विद्यार्थीको खातामा देहाय बमोजिम उपलव्ध हुनेछ ।<br>क) कक्षा ११-१२ मा विज्ञान विषय अध्ययन गर्ने छात्राका लागि प्रति विद्यार्थी वार्षिक रु. २४ हजारका दरले<br>ख) स्नातक तहमा विज्ञान वा गणित वा विज्ञान गणित अध्ययत गर्ने दलित तथा असहाय विद्यार्थीका लागि प्रति विद्यार्थी वार्षिक रु ३० हजारका दरले<br><br><u>छात्रवृत्ति कोटा निर्धारणः</u><br><br>कक्षा ११-१२ मा विज्ञान गणित विषय अध्ययन गर्ने दलित र असहाय छात्रा- १०० (एकसय) जनाका लागि २४,००,०००।-<br><br>स्नातक तह अध्ययन गर्ने दलित तथा असहाय विद्यार्थीका लागि- ७० (सत्तरी) जनाका लागि २१,००,०००।-<br><br><u>मूल्याङ्कन समिति</u><br><br>प्रशासन तथा योजना शाखा प्रमुख- संयोजक<br>शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका अधिकृत प्रतिनिधि-सदस्य<br>शिक्षा विकास निर्देशनालयले तोकेको सामुदायिक क्याम्पसका प्रमुख-सदस्य<br>आर्थिक प्रशासन शाखा-सदस्य<br>सम्बन्धित शाखाको अधिकृत- सदस्य सचिव-शिक्षा विकास निर्देशनालय<br><br>मूल्याङ्कनका आधारहरु अनुसूची-१९ मा उल्लेख भए बमोजिम हुनेछ । |
| ६. अपेक्षित उपलव्धी | • दलित तथा असहाय परिवारका बालबालिकाले अध्ययन पूरा गरी प्रदेशको लागि आवश्यक जनशक्ति उत्पादन हुने । |
| ७. निवेदनका साथ विद्यार्थीले पेश गर्नुपर्ने कागजातहरु | **निवेदनका साथमा पेश गर्नुपर्ने कागजातहरु**<br>• नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>• दलित विद्यार्थीको हकमा दलित भनि सम्बन्धित निकायले दिएको प्रमाणित |

| शीर्षक | विवरण |
|---|---|
| | कागजात<br>• गरीब असहाय खुल्ने सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>• शै.स २०७९ मा भर्ना भएको प्रमाण खुल्ने विद्यालय/क्याम्पस वा विश्वविद्यालयको प्रमाणित पत्र<br>• कक्षा ११-१२ मा अध्ययन गर्ने विद्यार्थीका ले SEE को प्रमाणपत्र र<br>• स्नातक तहको प्रथम वर्षमा अध्ययनरत विद्यार्थीले कक्षा १२ उत्तीर्ण प्रमाणपत्र पेश गर्नुपर्नेछ ।<br>• यस अगावै कुनै निकायबाट दलित तथा असहाय छात्रवृत्ती प्राप्त नगरेको भनी विद्यालय/क्याम्पस/ विश्वविद्यालयले स्पष्ट किटान गरी दिएको सिफारिस पत्र ।<br>• बैङ्क खाताको विवरण |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.२८ अपाङ्ग उच्च शिक्षा छात्रवृत्ति

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | जना | | १००० | दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत गण्डकी प्रदेशका अपाङ्गता भएका विद्यार्थीहरुका लागि थप प्रोत्साहन गर्न अपाङ्ग उच्च शिक्षा छात्रवृत्ति कार्यक्रमका लागि बजेट व्यवस्था गरिएको छ । अपाङ्गता भएका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गर्नु पर्दछ । अपाङ्ग उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि यो मापदण्ड तयार गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरुका लागि थप प्रोत्साहन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | शिक्षा विकास निर्देशनालय |
| ४. बजेट बाँडफाँट | प्रस्ताव छनौट एवम् व्यवस्थापन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,<br>(क) **"अपाङ्गता भएका व्यक्ति"** भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा ईन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता वा विद्यमान अवरोधका कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्दछ ।<br>(ख) **"प्रोत्साहन छात्रवृत्ति"** भन्नाले स्नातक र स्नातकोत्तर तहमा अध्ययन गर्नका लागि विश्वविद्यालयमा भर्ना भइ अध्ययन शुरु गरेका अपाङ्ग विद्यार्थीहरुको अध्ययनका लागि चाहिने खर्चको अभावमा अध्ययनलाई बिचैमा छाड्नु नपरोस भनी उपलव्ध गराइने थप सहायता रकम सम्झनु पर्दछ ।<br>(ख) "**उच्च शिक्षा**" भन्नाले स्नातक र स्नातकोत्तर तहलाई सम्झनु पर्दछ ।<br>• **सूचना प्रकाशनः** (१) छात्रवृत्ति प्रदान गर्नका लागि स्नातक र स्नातकोत्तर तहमा भर्ना भएका विद्यार्थीहरुसँग कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी तोकिएका कागजात सहित निवेदन माग गरिनेछ।<br>• (२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयको वेवसाइट वा अन्य विद्युतीय माध्यम तथा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गरिनेछ ।<br>• **निवेदन पेश गर्नेः** (१) स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुले सम्बन्धित विश्वविद्यालय/क्याम्पसबाट अध्ययनरत रहेको |

| शीर्षक | विवरण |
| --- | --- |
| | सिफारिसको सक्कल प्रति, अपाङ्गता परिचयपत्रको प्रतिलिपी र सूचनामा तोकिएका अन्य कागजात सहित तोकिएको समय भित्र शिक्षा विकास निर्देशनालयमा निवेदन पेश गर्नु पर्नेछ ।<br>(२) निवेदनको ढाँचा अनुसूची - २० मा उल्लेख भए बमोजिम हुनेछ ।<br>छात्रवृत्तिको रकम दोहोरो नपरेको सुनिश्चितता हुनुपर्नेछ ।<br>**छात्रवृत्ति रकम सम्बन्धमाः** छात्रवृत्ति बापतको रकम विद्यार्थीको खातामा देहाय बमोजिम उपलव्ध हुनेछ ।<br>छात्रवृत्ति कोटा निर्धारणः<br>श्रेणी अनुसारको कोटा तथा रकम निर्धारण निवेदन सङ्ख्या र प्रकृतिका आधारमा मुल्याङ्कन समितिले गर्न सक्नेछ ।<br>मूल्याङ्कन समिति<br>प्रशासन तथा योजना शाखा प्रमुख- संयोजक<br>शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका अधिकृत प्रतिनिधि-सदस्य<br>राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशको प्रतिनिधि-सदस्य<br>आर्थिक प्रशासन शाखा-सदस्य<br>सम्बन्धित शाखाको अधिकृत, शिक्षा विकास निर्देशनालय - सदस्य सचिव<br>मूल्याङ्कनका आधारहरु अनुसुची- २१ मा उल्लेख भए बमोजिम हुनेछ । |
| ६. अपेक्षित उपलव्धी | • स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरुका लागि थप प्रोत्साहन हुनेछ । |
